राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ४३, जेठ २२ गते शुक्रबार, २०८३ (5 June, 2026) | www.janajibro.com | मूल्य रु. १०।-

# रविको भारत भ्रमण : रास्वपाभित्रै विवाद

## कूटनीतिज्ञहरूसँग 'परामर्श' भइसक्यो, पार्टीपङ्क्तिमा औपचारिक 'जानकारी' छैन

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** सत्ताधारी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने भारतीय विदेश मन्त्रालयको निमन्त्रणामा भारत भ्रमणमा जान लागेका छन् । उनको भ्रमणको विषयलाई लिएर उक्त पार्टीभित्र विवाद चर्किएको सोही पार्टीका केही नेताहरूले बताएका छन् । लामिछाने जेठ १८ मा नयाँदिल्ली प्रस्थान गर्ने सूचना बाहिरिएपछि रास्वपामा खैलाखैला मच्चिएको हो ।



सभापति लामिछाने भारत भ्रमणमा जानेबारे पार्टीलाई 'जानकारी नभएको' उक्त पार्टीका नेताहरूले नै दावी गरेका छन् । सोही पार्टीका वरिष्ठ नेता समेत रहेका प्रधानमन्त्री बालेन्द्र शाहसँग समेत उक्त भ्रमणबारे कुनै छलफल नभएको स्रोतको भनाइ छ । 'पार्टी सभापति भारत भ्रमणमा जानेबारे पार्टीलाई कुनै जानकारी छैन, वरिष्ठ नेता रहेका प्रधानमन्त्री बालेनसँग पनि छलफल भएको देखिँदैन,' स्रोतको भनाइ छ- 'पार्टीकै नेतृत्वमा सरकार चलिरहेका बेला हाम्रो पार्टीका केन्द्रीय सभापतिले छिमेकी मित्रराष्ट्रको भ्रमण गर्ने हो भने त्यसलाई केन्द्रीय समितिले नै निर्णय गर्नुपर्ने वैधानिक व्यवस्था छ ।' लामिछाने दुईदिने भ्रमणमा निस्कन लागेको सूचना केही दिनअघि बाहिरिएको थियो । भ्रमणका क्रममा लामिछानेले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, विदेशमन्त्री एस. जयशंकर, विदेश सचिव विक्रम मिस्री, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसहितसँग उच्चस्तरीय भेटघाट गर्ने तय भइसकेको बताइएको छ ।

भ्रमणमा रास्वपा सभापति लामिछानेसहित सहमहामन्त्री कुमार आचार्य र सचिवालय सदस्य तथा प्रवास विभाग प्रमुख दीपकराज बोहरा जाने चर्चा छ । पछिल्लो समय नेपाल-भारतबीचको सम्बन्धमा दरार पैदा भएका बेला सत्ताधारी दलका सभापति लामिछानेको भ्रमणप्रति कूटनीतिक वृत्तमा चासो बढ्नु स्वाभाविकै हो ।

क्रमशः अन्तिम पृष्ठमा

# पूर्वमन्त्री खरेलको क्षुद्र अभिव्यक्ति : 'प्रतिपक्षी दलहरूले तमासा देखाए'

**काठमाडौं ।** सत्ताधारी दल रास्वपाका सांसद जगदीश खरेलले संसदबाटै 'प्रतिपक्षी दलहरूले तमासा देखाए' भनेर असामाजिक, अराजनीतिक, अमर्यादित एवम् क्षुद्र अभिव्यक्ति दिएका छन् ।

पूर्वसञ्चारकर्मी एवम् पूर्वमन्त्री समेत रहेका खरेलको यसखाले तुच्छ अभिव्यक्तिपछि प्रतिपक्षी दलका सांसदहरू आक्रोशित बनेका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले 'पर्यटन विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गरी छलफल भइरहेका बेला विवाद उत्पन्न भएपछि प्रतिनिधिसभाको बैठक नै स्थगित गर्नुपर्ने अवस्था सिर्जना भयो ।

प्रतिनिधिसभाको बैठकमा प्रधानमन्त्री बालेन्द्र शाहको उपस्थिति र जवाफको समेत माग गर्दै विपक्षी दलहरूले अवरोध जारी राखेपछि नियमित कार्यसूची प्रभावित भएको छ । प्रतिनिधिसभाको शनिबारको बैठकमा आकस्मिक, शून्य र विशेष समयमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसलगायत विपक्षी दलका सदस्यले आ-आफ्नो आसनबाट उठेर विरोध सुरु गरेपछि सभामुख डोलप्रसाद आर्यालले ती दलका प्रतिनिधिलाई बोल्न दिएर नियमित कार्यसूची अघि बढाएका थिए ।

बैठकमा पौडेलले 'पर्यटन विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्तावमाथि भएको छलफलमा सांसद खरेलले 'प्रतिपक्षीले तमासा देखाए' भन्दिएपछि आक्रोशित बनेका सांसदहरूले सत्ताधारी दल रास्वपाका सांसद अशोकुमार चौधरी र सुशील खड्कालगायतले मन्तव्यमा भाग लिइरहँदा समेत लगातार विरोध कायमै राखे । त्यसपछि सभामुख अर्यालले १५ मिनेटका लागि भन्दै बैठक स्थगित गरे ।

# सत्तापक्षले 'पेलेपछि' राप्रपाको आपत्ति

**काठमाडौं ।** सभामुख समेतसँग 'तारतम्य' मिलाएर सत्ताधारी रास्वपाले संसदमा विपक्षी दलहरूलाई 'पेलेरै' निरन्तर अघि बढ्न थालेपछि नेपाली कम्युनिस्ट पार्टी, एमाले, कांग्रेस, राप्रपा, श्रमसंस्कृति लगायतका दलहरूले सशक्त विमति जनाएका छन् ।

यसै सिलसिलामा प्रतिनिधिसभाको बैठकमा बोल्दै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)  की प्रमुख सचेतक खुश्बु ओलीले पनि संसदमा विपक्षीहरूलाई नजरअन्दाज गरेर सत्तापक्ष अगाडि बढ्न खोजेकामा आपत्ति जनाएकी छन् । प्रतिनिधिसभाको बैठकमा मंगलबार आफ्नो दलका तर्फबाट धारणा राख्दै सत्तापक्षको कार्यप्रति ओलीले आपत्ति जनाएकी हुन् ।

क्रमशः अन्तिम पृष्ठमा

# भनिने-सुनिने धर्म र देखिने-बुझिने विज्ञान
## (धार्मिक विश्वासहरूका सन्दर्भमा ज्ञानको भूमिका)

अचेल हुँदो धर्मयोद्धाहरूको सक्रियता बढेको छ, त्यसैले धर्मनिरपेक्षतामा आस्था राख्नेहरूको संख्या घट्दै गएको छ । यी धर्मयोद्धाहरूको जमातमा समावेश भएकाहरु यस्तो छाँटछन्द-हाउभाउ देखाउँदै बोल्ने गर्दछन् कि मानौं ती आफै नै कुनै देवी देवता हुन वा ती भन्दा भिन्न छैनन् । यस्तो अवस्थामा तार्किक तरिकाले कुनै अर्थपूर्ण बहस छलफल गर्नु असम्भव प्रायः नै हुन जान्छ । तर पनि विज्ञान र धर्मनिरपेक्षता कसरी परस्पर सम्बन्धित छन भनी भन्ने प्रयत्न गर्दैछु ।

भारतमा धर्मनिरपेक्षताको अर्थ भिन्नभिन्न मानिसका लागि फरक फरक हुने गरेको छ । यसलाई अवसर अनुकूल परिभाषा र व्याख्या गर्ने गरिएको छ । कुनै व्यक्तिले एक अवसरमा एक किसिमले यसको व्याख्या गर्दछ भने त्यही व्यक्तिले अर्को अवसरमा नितान्त भिन्न तरिकाले यसको व्याख्या गर्ने गरेको सुनिन्छ । तथापि हाम्रा केही

### समय सन्देश
**ए रहमान**

इतिहासकारहरूले इतिहासमा व्याख्या गरिदिए अनुसार नै पनि धर्मनिरपेक्षताको अवधारणा सही रूपमा हाम्रो सामू प्रकट भइसकेको छ । यसबारे म पनि त्यही मार्ग अवलम्बन गर्न उपयुक्त हुने ठान्दछु ।

विज्ञान र धर्मनिरपेक्षताका सन्दर्भमा तीनवटा पाटाहरूमा विचार गर्नु मनासिव होला । पहिलो पाटो हो- ज्ञानको धर्मनिरपेक्ष गुण । भलै त्यो खास उद्देश्यका लागि धारणा गरिएको होस, धर्मनिरपेक्ष बनेर त्यसले धर्मनिरपेक्षताकै सेवा गर्दछ । दोस्रो पाटो हो- खास रोगहरूमा चलनहरूमा र प्राकृतिक परिघटनाहरूका बारेमा विभिन्न धर्ममा प्रचलित जुन विश्वासहरूलाई वैज्ञानिक ज्ञानको माध्यमबाट व्याख्या गर्नु अथवा भविष्यमा कुनै शोधका माध्यमबाट तिनका

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- ४३, जेठ २२ गते शुक्रबार, २०८३

## सम्पादकीय

# ‘शीर्ष’ नेताको भारत भ्रमण र जनआशङ्काहरू

नेपालका सत्तासीन दलहरूका ‘शीर्ष’ भनिने नेताहरू वा प्रधानमन्त्री तथा मन्त्रीहरूले दक्षिणी मित्रराष्ट्र भारतको औपचारिक-अनौपचारिक भ्रमण गर्न लाग्दा नेपाली जनताको मनमस्तिष्कमा एकाएक अनेकौं आशङ्का र सम्भावित अनष्टिताका बादलहरू मडारिन थाल्दछन्। अहिले सत्तासिन रास्वपाका सभापति रवि लामिछाने भारत भ्रमणको तयारीमा रहेकाले जनमानसको मनमस्तिष्कमा ठीक त्यसैगरी आशङ्का तथा अनिष्टताका बादलहरू मडारिइरहेका छन्।

नेपालका ‘शीर्ष’ नेता वा प्रधानमन्त्री या ‘प्रभावशाली’ मन्त्री भारत भ्रमणमा गएर फर्किएपछि मूलतः दुईथरी वा तीमध्ये कुनै एक ‘परिणाम’ निस्कँदै छाड्ने गरेका छन्- एकः सत्तासंरचना वा सत्तासमीकरणमा फेरबदल र दुईः मुलुक र जनतालाई हानि पुग्ने गरी कुनै न कुनै दीर्घकालीन परिणामयुक्त गोप्य-खुला सम्झौता वा समझदारी। र, यसपालि रवि लामिछानेले गर्ने भ्रमणबाट पनि यी दुवै ‘परिणाम’ निस्कने त पक्कापक्की नै छ तर त्यसको प्रकृति, स्वरूप र समय के-कसो हुने हो, त्यो भने भनिहाल्न मुस्किल छ।

विगतका शासकहरूले नेपाल र नेपालीलाई ढाँटे, छले र ठगे त्यसैले हामी देश र जनतालाई त्यसबाट उन्मुक्ति दिलाउँछौं भन्दै चर्का कुरा गरेर सत्तामा आएको अनि आफूलाई ‘नयाँ’ दावी गर्ने रास्वपा र लामिछानेले विगतको यसखाले नकारात्मक ‘परम्परा’ तोड्नून् वा तोड्न सकून्। अहिलेलाई यत्ति शुभकामना मात्रै !

# भनिने–सुनिने धर्म र...

रहस्यहरूको उत्खनन् गर्नु, जसले ती जनविश्वास र मानयताको दुष्प्रभावबाट आमजनको रक्षा गर्नका लागि आवश्यक समझदारी बनाउन सकियोस । र, तेस्रो पाटो भनेको इतिहास, समाज, राजनीति र संस्कृतिका क्षेत्रमा धर्मनिरपेक्ष ज्ञानको विकासले नयाँ अन्तर्दृष्टि र राम्रो सम्झदारी प्राप्त गर्न सकियोस् । यसरी धर्मनिरपेक्ष ज्ञान ती समस्याहरु उपर विजय प्राप्त गर्न सम्पूर्ण मानवजातिका लागि सहयोगी हुन सकोस् । जुन संकीर्ण सीमित सोँच, रूढिवादी परम्पराहरु र पुराना अवधारणाहरूका देन हुन र तिनको मूलश्रोत विभिन्न धर्ममा उपलब्ध छन् ।

धर्मनिरपेक्षताको स्वरूप र त्यसको आवश्यकतालाई बुझ्ने गम्भीर प्रयास मैले त्यसबेलामा थालेँ जब मध्ययुगका दुईजना वैज्ञानिकको विचार मेरो जानकारीमा आयो । यीमध्ये एक थिए मध्यएसियाका खगोलज्ञ मिर्जा उलुग वेग (सन् १४४३) र अर्का थिए भारतका गणितज्ञ हाजी अब्दुल हामिद देहलवी (सन् १९१३) । मिर्जा उलुग वेगको हत्या धर्मगुरू मुल्लाहहरूको आदेशानुसार उनकै छोराले गरिदिएको थियो । उलुग वेगले भनेका थिए, 'साम्राज्य विखण्डित हुन्छन्; धर्म लोप हुन्छ तर वैज्ञानिक कार्यहरु अमर रहन्छन् ।' हाजी अब्दुल हामिद देहलवीले गणितको आफ्नो पुस्तकमा लेखे, 'धार्मिक मामिलाहरु बहस र वादविवादका विषय हुन तर गणित वादविवादभन्दा परको विषय हो ।'

विभिन्न धर्मको परिधिमा केन्द्रित मध्ययुग पूर्णतः धार्मिक चिन्तनको दरो प्रभावभित्र थियो । तर पनि किन यी दुई वैज्ञानिकले आफ्नो यी निष्कर्ष स्पष्ट शब्दमा अघि सारे ? यसो गर्नुमा तिनको उद्देश्य के थियो ? यी दुवै वैज्ञानिक धार्मिक व्यक्ति नै थिए र अझ पछिल्ला त हाजी (हज गरेका व्यक्ति) पनि थिए । मेरो विचारमा धर्मको परिधिभन्दा बाहिर विज्ञानको विशिष्ट स्वरूपलाई स्थापित गर्नका लागि नै यी दुई वैज्ञानिकले यस्तो दावी गर्नु आवश्यक ठानेका हुन । इस्लामभित्र रहेका बग्रेल्ती मतहरु आ-आफ्नो दावीलाई स्थापित गर्न संघर्षरत रहेका छन् र यसैले मध्ययुगका सम्पूर्ण बौद्धिक परिदृष्य यस किसिमको गम्भीर वादविवादको प्रभावमा रह्यो । अब्दुल हामिदको पालाको भारतमा पनि आ-आफ्नो दाबी र विश्वासका बीच कैयौं धर्म र कतिपय मतकाबीच आपसी संघर्ष चलिरहेको थियो । यो तर्क उलुगवेगका सन्दर्भमा पनि गर्न सकिन्छ । उनको भनाइ थियो कि नियमित खगोलीय अवलोकन अध्ययनद्वारा नै कुनै पनि व्यक्ति खगोलीय पिण्डहरूको गतिलाई राम्ररी बुझ्न समर्थ हुन सक्दछ र यसै आधारमा ..... चन्द्रोदय, चन्द्रग्रहण, सूर्यग्रहण, धर्मनिरपेक्ष पात्रो (समय तालिका) को निर्माण र प्राकृतिक नियमहरूको विकास बारेको जानकारी सम्प्रेषण गर्न समर्थ हुन्छ । यो मान्यता त्यो कालमा कति डरलाग्दो थियो भन्ने कुराको प्रमाण उलुग वेगको हत्याबाट पुष्टि हुन्छ । आखिर यो तर्क पद्वति किन डरलाग्दो भएको हो ? के यसैले कि यसले मानिसलाई ज्ञानसँग साक्षात्कार गराउँछ र सत्तालाई मान्छेमा डर र भएका माध्यमबाट जनतालाई अधिनमा राख्नबाट रोक्दछ ?

### धार्मिक आवश्यकता र धर्मनिरपेक्ष ज्ञानको वृद्धि

धर्मनिरपेक्षताबारेको यो चर्चालाई म चीन र अल्जेरियादेखि इन्डोनेसियासम्मका मुसलमानहरूको एउटा आवश्यकताबाट थालनी गर्न उपयुक्त ठान्दछु । तिनीहरु मुसलमानहरूको पवित्र तीर्थ मानिने गरेको कावा (मुक्का) को अवस्थिति थाहा पाउन र चन्द्रपात्रो विकास गरेर विभिन्न उत्सव र चाडपर्वको तिथि निर्धारण गर्न चाहन्थे । यसका लागि भूगोल विद्याको विकास र सहरहरूको अवस्थितिजन्य अक्षांस र देशान्तर रेखाको ज्ञान आवश्यक थियो । यसैले इस्लामको प्रभुत्व रहेको यस कालखण्डमा भूगोल विद्याको निकै विकास भयो ।

भूगोलको विकास भइसकेपछि विस्तारै-विस्तारै यसको प्रयोग विभिन्न प्रयोजनका लागि गरिन थालियो । साँच्चै नै भन्ने हो भने ज्ञानको कार्यले धार्मिक प्रेरणालाई पछाडि परिदियो र यस्तो ज्ञानहरूको प्रयोग धार्मिक प्रयोजनका लागि खासै भएन पनि । खासमा भन्ने हो भने एउटा यस्तो धर्मनिरपेक्ष क्षेत्र अस्तित्वमा आयो जहाँ विभिन्न धर्मानुयायीहरु यस ज्ञानलाई आफ्नो प्रयोजन अनुसार प्रयोग गर्न सक्दथे ।

भूगोलको सन्दर्भमा मात्र होइन खगोलशास्त्रका हकमा पनि यो कुरो लागू हुन्छ भारतमा खगोलशास्त्रसँग सम्बन्धित धर्मनिरपेक्ष प्रयासको एउटा अद्वितीय उदाहरण अठारौं शताब्दीमा सवाइ जयसिंह द्वितीयका पालामा देख्न पाइन्छ । तिनका पालामा तीन प्रकारका पात्राहरु प्रचलनमा थिए र यी तीनवटै भिन्न-भिन्न धर्मसँग सम्बन्धित थिए । यी इस्लाम, हिन्दू र ईसाइ पात्रोका रूपमा चिनिन्थे र जनमानसले त्यही रूपमा यिनलाई ग्रहण गर्दथे । सवाइ जयसिंहले इस्लामी तथा हिन्दू पात्रोहरूको असंगतिहरु पत्ता लगाए र सँगसँगै उनले युरोपेली खगोलशास्त्रको विकासक्रमलाई पनि मसिनोसँग नियाले । अनि उनले अवलोकन र गणना (गणित)द्वारा निर्धारण गरिएका तिथिहरूमा समरूपता झल्किने गरी पञ्चाङ्ग प्रणालीमा सुधार गर्ने प्रयत्न गरे । निःसन्देह यो पात्रोलाई कुनै एउटा धार्मिक परम्परासँग गाँस्न सकिन्न तर यो तीनवटै धार्मिक परपम्पराहरूको संश्लेषण थियो । अर्थात्, यसलाई धर्मनिरपेक्ष पञ्चाङ्ग (Secular calandor) भन्न सकिन्छ । अंग्रेज शासनबाट स्वतन्त्र भएपछि भारत सरकारले पनि सबभन्दा पहिले 'शाके (शाक) पञ्चाङ्ग' मा सुधार गर्ने प्रयत्न गरेको थियो । यो एउटा यस्तो धर्मनिरपेक्ष प्रयास थियो । जसमा परम्पराको पनि सहयोग लिइएको थियो ।

प्राकृतिक विज्ञानको दृष्टान्तपछि अब समाज विज्ञान (समाजशास्त्र) को एउटा दृष्टान्त उपर विचार गरौं । पैगम्बरले दिएको दीक्षा (प्रवचन) हरूको संग्रह हदीसको परम्पराले त्यसमा सम्बोधन गरिएका व्यक्ति र स्थानको दुरूस्त अभिलेखनको अपेक्षा गर्दछ । यसैले पैगम्बरको मृत्यु उपरान्त उनका सहयोगी सहविसले ज-जसलाई उनले दीक्षित गरेका थिए, ती तमाम व्यक्तिहरूको सूचि तयार पारे । सूचीमा उल्लेखित तथ्यहरूको विश्लेषण, स्थानान्तरण तथा यथातथ्यता उपर विशेष ध्यान दिनु आवश्यक थियो । इस्लामी समाजमा इतिहास विज्ञान तथा इतिहास लेखनको विकासमा यसको महत्वपूर्ण भूमिका रहेको छ । यो धर्मनिरपेक्ष ज्ञान थियो र यसले एउटा विशिष्टकालखण्डमा समाजमा भए गरेको सामाजिक राजनीतिक र सांस्कृतिक विकासको बुझाइलाई इङ्गित गर्दछ ।

### पुराना अवधारणा र नयाँ बुझाइ

अब केही प्रचलित अवधारणा उपर विचार गरौं । उदाहरणका लागि-मिश्रण (मिसोट), प्रदुषण अथवा शुद्धताको धारणा । इस्लाम परम्परामा बग्दो पानीलाई शुद्ध (पाक) मानिन्छ र नमाज पढ्ने बेलामा आफ्नो सरसफाइका लागि यसको प्रयोग गर्न सकिन्छ । पहिले पहिले नदी र उपनदीहरु स्वच्छ सफा हुन्थे होलान तर यही कुरो औद्योगिक नगरको समाजका लागि लागू नहुनसक्छ । नदीहरु अचेल उद्योगजन्य फोहर र सहरी नालीको फोहरले गर्दा प्रदुषित भएको हुन्छ र यस्तो फोहोर पानीको प्रयोगले जोसुकैको स्वास्थ्यमा नराम्रो असर गर्ने हुन्छ ।

हिन्दू परम्पराले भन्दछ कि यदि बेदका ऋचाहरु पाठ गर्दै नदीहरूमा घडौं दुध खन्याएर त्यसको पानीलाई सफा पार्न सकिन्छ । अखबारहरूमा छापिएको खबर अनुसार यमुना नदीलाई सफा पार्न यस्तो तरिका कैयौं पटक गरिसकिएको छ । तर उपलब्ध ज्ञानको आधारमा यस्तो रीतिलाई ठीक मान्न सकिदैन । नदीमा दूध खन्याउनु फजुल खर्च बाहेक केही होइन र दुध खान पाउनु पर्ने अधिकांश बच्चाहरु दूधको मुखै देख्न नपाइ छटपटिइरहेका छन् भने यस्तो अपव्यय अर्थहीन हुन जान्छ । नदीलाई प्रदुषणमुक्त वा सफा गर्ने सन्दर्भमा त्यसलाई प्रदुषित गर्नेहरूका बारेमा थाहा पाउनु आवश्यक छ । नदीमा बग्दै गरेको पानीमा औद्योगिक एकाइहरूबाट निस्केको फोहोर र रसायनयुक्त व्याज्यपदार्थहरु, सहरका नालीमा बग्दै गरेको फोहोर पानी मिसिएको हुनसक्छ । कारखानाका त्याज्य पदार्थ र नालीको फोहोर पानीको अवयवहरूको पहिचान गरिनु हाम्रा लागि आवश्यक छ र खास किसिमका प्रदुषणलाई हटाउन त्यसको निर्मलीकरणको पनि आवश्यकता पर्दछ । यसरी फेरि पनि एकपटक वैज्ञानिक ज्ञान हाम्रो बुझाइ विकास गर्न र यसका माध्यमबाट अवलम्बन गरिने प्रयासहरूका लागि एउटा आधार बन्दछ । यही नै धर्मनिरपेक्ष ज्ञान हो र यो धर्मनिरपेक्ष उद्देश्यहरूका लागि प्रयोगमा ल्याइन्छ । नयाँ स्थितिहरूका सन्दर्भमा पुरानो ज्ञान त्यति उपयोगी नहुन सक्छ, यसैले नयाँ ज्ञानको विकास गर्नु पर्दछ । यसरी विकास गरिएको नयाँ ज्ञानको प्रयोग भिन्न-भिन्न उद्देश्यका लागि गर्न सकिन्छ ।

रोग र त्यसको औषधि बारेको एउटा उदाहरण लिऊँ । केही रोगलाई दैवी प्रकोप मान्ने गरिन्छ । रोगीले पाप गरेको हुनाले उसलाई यस्तो रोग लाग्यो भन्ने चलन छ, समाजमा । समाजबाट बहिष्कृत गरेर रोगीलाई एक्ल्याएर निःसहाय छाडिदिने गरिन्छ । तर वैज्ञानिकहरूको श्रमसाध्य प्रयत्नका कारण त्यस्तो रोगको कारण र उपचार सम्भव हुन सक्यो । समाज सुधारक अभियान्ताहरूको महत्वपूर्ण योगदानलाई पनि हामीले स्मरण गर्नुपर्दछ जसका सततः प्रयत्नबाट त्यस्ता रोगीप्रति सामाजिक पूर्वाग्रह समाप्त हुन सक्यो, तिनको पुनर्बासको व्यवस्था हुन सक्यो । यस्ता कतिपय उदाहरण दिन सकिन्छ । जसमा वैज्ञानिक ज्ञानका माध्यमबाट अज्ञानता, अबोधता, अन्धविश्वास र भ्रमपूर्ण विश्वासहरूलाई हटाउन सम्भव भयो र त्यसलाई तर्कसंगत बनाइयो । प्राकृतिक विपत्तिहरूलाई सबैजस्तो धर्मले पापीहरूलाई भगवानले दिएको दण्डसजाय मान्ने भन्ने गरेका छन् । तर बाढी र खडेरी केही हदसम्म मानिसकै देन हो र केही हदसम्म प्राकृतिक कारण हो । यदि यी विपत्ति मानिसको पाप कर्मका लागि भगवानले दिएको दण्ड हो भन्ने हो भने त जंगलको जथाभावी फडानी गर्नेहरु प्रोत्साहित हुँदै जाने अनि विपत्तिको शिकार बन्नेहरूको अवस्था झन-झन दुःखदायी हुँदै जाने हुन्छ । अर्को शब्दमा भन्ने हो भने जसले पाप गरेका छन् तिनलाई माफी मिनाहा गरिदिइएको छ र जो निर्दोष छन् तिनलाई दण्ड दिने गरिएको छ । भुकम्प, चक्रवात आदिका कारण हुने गरेको दुःख जस्तो प्राकृतिक विपत्तिहरूलाई कसरी व्याख्या गर्ने होला ? यहाँ स्व.डि.डि.को शाम्बा (धर्मानन्द दामोदर कोशाम्वी) ले भनेका एउटा रोचक प्रसङ्ग उल्लेख गर्नु मनासिव बनेको छ र राजा रूद्रदमनको शासनकालामा तटवर्ती सौराष्ट्र राज्यको एउटा खण्ड यस्तै सामुद्रिक (प्राकृतिक) प्रकोपमा पऱ्यो । पण्डितहरूले सल्लाह दिए कि आफ्नो पापको प्रायश्चित गर्न होम-यज्ञादि गर्नुपर्छ, ब्राम्हणहरूलाई भोजन र दक्षिणा दान गर्नुपर्छ । तर यसो गर्नुको साटो रूद्रदमनले समुद्रका छालहरु नियन्त्रण गर्नका लागि तटमा ठाउँठाउँमा छाल-अवरोधक निर्माण गराउने अठोट गरे । सम्भवत उनले विनाशको कारण प्रकृति हो भन्ने यकिन गरिसकेका थिए ।

आज उपलब्ध रहेका वैज्ञानिक ज्ञान र दूरसंचार प्रणालीका आधारमा यस प्रकारका दुर्घटनाहरूको मोटामोटी पूर्वानुमान गर्न सकिने अवस्था रहेको छ । चक्रवातहरूका सन्दर्भमा त यो धेरै सम्भव भैसकेको छ । जोसँग ज्ञान, इच्छा र आवश्यक साधन छन् । तिनीहरु यसप्रकारको विपत्तिको दुष्प्रभाव र जनजीवनले भोग्नुपर्ने दुष्परिणामहरूलाई न्युनीकरण गर्न समर्थ हुन सकेका छन् । समुद्री आँधीका सम्भावना रहेका क्षेत्रहरूको पहिचान गर्न सकिन्छ र त्यसको भविष्यवाणी गर्न सकिन्छ, । सदजन्य सतर्कता अपनाउन सकिन्छ । यो विज्ञानले गर्दा भएको हो ।

'पाप' को सिद्धान्तलाई मान्यता दिने हो भने त बंगलादेशीहरु सबभन्दा बढी पापी ठहरिने भए किनकि ती हरेक वर्ष बाढी र समुद्री आँधीको विविषिका झेल्न बाध्य छन् । त्यसैगरी इरानी पनि सबभन्दा बढी पापी ठहरिने भए किनकि ती पनि सदैव भुइँचालोको कहर भोगिरहेका छन् । प्रश्न के भने- आखिर किन बंगलादेशी बाढी र समुद्री आँधीबाट र इरानी भुईचालोबाट दण्डित हुने गर्दछन् ? उत्तर स्पष्ट छ-यस्तो समस्या समाधानका लागि प्राकृतिक कारणहरूको अध्ययन गरिनु पर्दछ । र धर्मनिरपेक्ष ज्ञानको विकास गरिनुपर्दछ । यदि प्राकृतिक विपत्तिहरूलाई मानिसले गरेका पापका विरूद्ध भगवानले दिएको दण्ड मानिने तथाकथित व्याख्यालाई स्वीकार गर्ने हो भने त युरोपेली र अमेरिकीहरु सबभन्दा थोरै पाप (दुष्कर्म) गर्नेमा दरिने हुन्छन् किनकि ती वैज्ञानिक ज्ञानका आधारमा प्राकृतिक विपत्तिहरूको पूर्वानुमान गरेर त्यसबाट हुनजाने भीषण क्षतिको न्युनिकरण गर्न समर्थ हुन सकेका छन् । यदि कसैले यस परिघटनाहरुलाई एउटा धर्मनिरपेक्षतर्कका रूपमा बोध गर्दछ भने जुन देशसँग यस सन्दर्भको जति धेरै वैज्ञानिक ज्ञान छ त्यो प्राकृतिक विपत्तिहरूबाट आफूलाई त्यति नै बढी सुरक्षित राख्न सक्षम हुन्छ । जुन देश विज्ञान र प्रविधिका मामिलामा अविकसित छ र जोसँग आवश्यक संसाधन छैन त्यो यी विपत्तिहरु भोग्न बाध्य बन्छ । यसैले सामुद्री आँधीका सन्दर्भमा बंगलादेशभन्दा भारत अपेक्षाकृत राम्रो अवस्थामा रहेको छ भने भुईचालोको सन्दर्भमा इरानभन्दा जापान राम्रो अवस्थामा रहेको छ ।

### धर्मनिरपेक्षता र सामाजिक राजनीतिक प्रश्नहरू

विज्ञानका विभिन्न क्षेत्रका दृष्टान्तपछि पनि प्रश्न उठाउन सकिन्छ कि धार्मिक अवधारणाहरु उपर विजय पाउन धर्मनिरपेक्षताले राजनीतिक, सामाजिक र सांस्कृतिक अवधारणाहरूलाई व्यवहारमा अभ्यास गर्न कसरी सघाउँछ ? खास गरी धर्म बहुल समाजमा जहाँ बहुसंख्या मानिस धार्मिक आस्थाद्वारा संचालित हुन्छन, यो व्यवहारमा अभ्यास गर्न झन् गाह्रो होला । तर यस्तो समाजका लागि त धर्मनिरपेक्षता झन आवश्यक हुन्छ ।

धर्मनिरपेक्ष शब्दको प्रयोग धार्मिक परम्पराका सन्दर्भमा गर्ने गरिन्छ । धर्मका दुई पाटा हुन्छन्: एउटा, व्यक्तिगत अनुभव, आस्था र विश्वास; अनि अर्को, सामाज निर्माण आस्थाको कुरो नितान्त वैयक्तिक हो, र यसको प्रकृति र आयामहरु उपर बहस विचार विमर्श हुन सकोइन । अर्को पाटोमा सामाजिक परम्परा र रीतिविज

क्रमशः चौथो पृष्ठमा

# सभामुख निरीह : दबाबले निष्पक्षता ओझेलमा

**काठमाडौं ।** प्रतिनिधिसभामा निष्पक्ष भूमिका निर्वाह गर्न नसक्दा वर्तमान सभामुखको गरिमा ओझेलमा पर्दै गएको देखिएको छ। प्रतिपक्षी दलहरूले सभामुख डोलप्रसाद अर्याल प्रधानमन्त्री वालेन्द्र (बालेन) शाहलाई सदनप्रति उत्तरदायी बनाउन र सांसदहरूले उठाएका जनताका प्रश्नको जवाफ दिन आग्रह गरिरहेको अवस्थामा उनी भने प्रधानमन्त्री शाहको दबाब र प्रभावमा परेर 'निरीह' बनेको देखिएको हो।

प्रतिपक्षी दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले एकै स्वरमा प्रधानमन्त्री बालेनलाई सदनप्रति उत्तरदायी बनाउन र सांसदहरूले उठाएका प्रश्नको जवाफ दिन लगाउन सभामुख समक्ष आग्रह गर्दै आएका छन्। विपक्षीहरूले सभामुखमार्फत ध्यानाकर्षण गराएका सोही विषयलाई लिएर सदन अवरोध भइरहँदा समेत सभामुख अर्यालले रूलिङ गर्न नसक्दा सर्वत्र उनी प्रधानमन्त्री शाहको दबाब र प्रभावमा परेर 'निरीह' बनेको चर्चा भइरहेको छ।

राजनीतिक समीकरणमा अर्यालले प्रधानमन्त्री शाहको हरेक कदमलाई मौन समर्थन जनाउँदै 'रूलिङ' गर्न नसकिरहेको विश्लेषण समेत हुँदै आएको छ। सभामुखको उक्त कार्यको विपक्षी दलहरूले विरोध गरिरहेका छन्। संसदीय अभ्यासमा विशेष गरिमा र अधिकार सम्पन्न मानिने सभामुख पद आसिन अर्याल भने निरीह बनिरहेको देखिन्छ। कार्यपालिकाले व्यवस्थापिकामाथि हस्तक्षेप गर्न खोज्दा सभामुखले सदनको विशेषाधिकार रक्षाका लागि उभिनुपर्नेमा उल्दै उनी सरकारको सहयोगी बनेको पछिल्ला घटनाक्रमले देखाउँछन्।

सभामुख अर्यालले निरन्तर प्रतिनिधिसभा बैठकमा विपक्षीले उठाएका गम्भीर प्रश्नहरूको उत्तर दिन प्रधानमन्त्रीलाई बाध्य पार्नुको साटो समय छोट्याउने र कार्यसूचीबाट महत्वपूर्ण विषय हटाउने वा विपक्षीको विरोधका बीच महत्वपूर्ण विधेयकहरू प्रस्तुत गर्ने, छलफल गराउने र पारित गर्नेसम्मको कार्यसूची अगाडि बढाइरहेका छन्। विपक्षी दलहरूले प्रतिनिधि सभा नियमावली २०७९ को नियम ५६ मा रहेको प्रत्यक्ष प्रश्न गर्न सकिने शीर्षकको उपनियम (१) अनुरूप प्रधानमन्त्री संसदमा आउनुपर्ने माग गर्दै संघीय संसदको बर्खे अधिवेशन सुरु भएको दिनदेखि बसेका बैठकमा लगातार आवाज उदाउँदै आएका छन्। यही जेठ ४ गतेदेखि सुरु भएको अधिवेशनमा ४, ५, ६, ७ र १२ गते बसेको पाँच वटा प्रतिनिधिसभा बैठकमा विपक्षी दलका सांसदहरूले प्रधानमन्त्रीलाई बैठकका शून्य, आकस्मिक र विशेष समयमा उठाएका प्रश्नको जवाफ दिन र नियमावलीमा व्यवस्था भएको प्रश्नोत्तर कार्यक्रममा उपस्थित हुन 'रूलिङ' गर्न माग गरिरहेका छन्।

नियमावलीको नियम ५६ को उपनियम (१)मा 'प्रधानमन्त्री वा निजको कार्यक्षेत्रसँग प्रत्यक्ष रूपमा सम्बन्धित महत्वपूर्ण विषयमा प्रश्न सोध्नको लागि सभामुखले प्रत्येक महिनाको पहिलो हप्ताको कुनै १ दिनको बैठकको १ घण्टा निर्धारण गर्नेछ' भन्ने वाक्यांश रहेको छ। विपक्षी दलहरूले जेठ ७ गते बसेको बैठकमा समेत प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम सञ्चालन गर्नुपर्‍यो भनेर अवरोध गरेपछि सभामुख अर्याल बैठक १५ मिनेट स्थगित गरेर प्रधानमन्त्री बालेनलाई भेट्न सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पुगेका थिए। बैठकमा विपक्षी दलले प्रधानमन्त्री खोजेपछि सभामुख अर्याल प्रधानमन्त्रीलाई भेट्न पुगे पनि उनलाई सदनमा उपस्थित गराउन नसकेपछि विपक्षीलाई पेलेर प्रधानमन्त्रीका तर्फबाट सदनमा मन्त्रीहरूलाई जवाफ दिन र विधेयक पेश गर्न दिने कार्य गरिरहेका छन्।

यसअघि जेठ ७ गते विपक्षीको अवरोधबीच प्रधानमन्त्रीका तर्फबाट कानुन न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमलाई सभामुख अर्यालले तीन विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेस गर्न अनुमति दिएका थिए। यस्तै सभामुख अर्यालले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई 'वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२' माथि दफावार छलफल गर्न समय दिए र उक्त विधेयक पनि विपक्षीको विरोधबीच छलफल र पारित गर्ने काम गरियो।

प्रतिनिधिसभाको बैठक विपक्षीहरूले अवरोध गरेपछि सभामुख अर्यालले प्रधानमन्त्रीलाई उपस्थित गराउनुपर्ने विषयमा आफ्नो ध्यानाकर्षण भएको बताएका थिए। उनले सांसदहरूले उठाएको विषय अत्यन्तै जायज, संविधानः नियमावली सम्मत र कानुनसम्मत भएको स्वीकारेका थिए। 'माननीय सदस्यहरूले राख्नुभएको विषयमा मेरो ध्यानाकर्षण भएको छ। सम्माननीय प्रधानमन्त्रीज्यू सरकारको तर्फबाट सदनमा उपस्थित हुनुपर्‍यो र सांसदहरूले उठाउने प्रश्नहरूको जवाफ दिनुपर्‍यो। आफ्ना कुराहरू राखिदिन पर्‍यो। जनताका समस्याको सम्बोधन गरिदिन पर्‍यो' अर्यालले भने 'जुन विषय अत्यन्तै जायज छ, संविधानतः छ। नियमावली सम्मत छ, कानुन सम्मत छ।'

सभामुख अर्यालले सोबारे प्रधानमन्त्रीसँग आफ्नो संवाद भइरहेको बताए तर, बैठकमा उपस्थित हुन 'रूलिङ' भने गनै सकेनन्। 'मैले यहाँहरूलाई दोहोर्‍याइरहेको छु, सम्मानीय प्रधानमन्त्रीज्यू आउने तयारी गरिरहनुभएको छ। उहाँ सदनमा भइरहेको, उठिरहेको विषयमा जानकार हुनुहुन्छ' सभामुख अर्यालको भनाय थियो। सभामुख अर्याल बोलिरहेको बेला विपक्षी सांसदहरूले कहिले आउने हो, मिति निश्चित हुनुपर्‍यो भन्ने माग गरेका थिए। 'मिति घोषणा होस् भन्ने तपाईंहरूको चाहना हो, त्यो प्राकृतिक हो। उहाँ आउने भनिरहनु भएको छ। प्रधानमन्त्री आउने तय गर्न सरकारले छलफल गरिरहेको जानकारी प्राप्त भएको छ' भन्दै सभामुखले जवाफ फर्काएका थिए।

'सदस्यहरू उभिँदाउभिँदै सदन अगाडि बढाउन चाहदिनँ। तसर्थ बसेर सहयोग गर्नुस्' भन्दा पनि विपक्षी सांसदहरू बस्न नमानेपछि सभामुख अर्यालले विपक्षीका विरोधकैबीच कारबाही अघि बढाएका थिए। विपक्षी सांसदहरू उठेर नाराबाजी गरिरहेकै बेलामा संस्कृति, पर्यटन तथा नागरिक उड्डयमन्त्री गनेस पौडेललाई उनले पर्यटन विधेयक २०८२ पेस गर्न समय दिएका थिए। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसकी सांसद सीता थपलिया 'उर्मिला'ले प्रधानमन्त्रीलाई विपक्षी दलका सांसदप्रति विश्वास नहुनु स्वाभाविक भए पनि अहिले त सत्ता पक्षका सांसदकै विश्वास नभएको देखिएको बताउँदै 'प्रधानमन्त्रीज्यूलाई संसदप्रति नै विश्वास छैन भने किन प्रधानमन्त्री बन्नुपर्‍यो' भनिन्। 'विपक्षी सांसदहरूप्रति त उत्तरदायी हुनुभएन प्रधानमन्त्रीज्यू, सत्तारुढ सांसदका कुरा सुन्न भए पनि आउनु पर्ने, तर यति अनुनय विनय गर्दा पनि आउनु भएको छैन' सांसद थपलियाले भनिन्।

एमालेका प्रमुख सचेतक ऐन महरले प्रधानमन्त्रीले आफूलाई उत्पादन गर्ने संसदलाई रेस्पेक्ट नगरेको आरोप लगाए। उनले सरकारले धारा ७६ (१०) उल्लंघन गरेको बताए। विपक्षी दलका एक सांसदले प्रधानमन्त्रीको स्वेच्छाचारितालाई रोक्न नसक्ने सभामुखले कसरी जनताको आवाजलाई सम्बोधन गर्लान् भन्दै प्रश्न गरेका थिए।

# कांग्रेसले संसदमा आफ्नो भूमिका थप प्रभावकारी बनाउने

**काठमाडौं ।** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले संघीय संसदमा पार्टीको भूमिका थप प्रभावकारी बनाउने दावी गरेको छ। कांग्रेस संसदीय दलको आइतबार बसेको बैठकमा संसदमा पार्टीको भूमिका थप प्रभावकारी रूपमा अघि बढाउने र बजेटका सम्बन्धमा आवश्यक छलफल गरेको हो।

बैठकको निर्णय बारे जानकारी दिँदै कांग्रेस प्रमुख सचेतक वासना थापाले शुक्रबार प्रस्तुत हुने आगामी आर्थिक वर्षको बजेट र संसदीय दलको कार्यसमितिका बारेमा छलफल भएको जानकारी दिइन्। 'मुख्य गरी संसद्मा आगामी रणनीतिको सम्बन्धमा र भोलि प्रस्तुत हुने बजेटका सम्बन्धमा छलफल गर्‍यौं, साथै हाम्रो संसदीय दलको कार्यसमितिमा केही पदहरू रिक्त थियो। त्यसलाई पूर्णता दिने विषयमा छलफल भयो' उनले भनिन्।

बैठकमा संसदका विषयगत समितिको सम्बन्धमा अध्ययन गर्नका लागि पार्टीका तर्फबाट संयोजक तोक्नेलगायत विषयमा छलफल भएको उनले बताइन्। यसका साथै बैठकमा गणतन्त्र दिवसमा सरकार प्रमुखको सम्बोधन नहुने भन्ने सार्वजनिक भएको विषयका बारेमा छलफल भएको प्रमुख सचेतक थापाले जानकारी दिइन्।

# नेपाली दुई सैनिकलाई मरणोपरान्त सम्मान

**काठमाडौं ।** राष्ट्रसंघीय सुरक्षा परिषदले सन् १९४८ मा पश्चिम एसियामा राष्ट्रसंघीय शान्ति स्थापना सञ्चालन भएको दिवसको स्मरणमा आज मनाउन लागिएको राष्ट्रसंघीय शान्ति सैनिक दिवसका अवसरमा दुई जना नेपाली शान्ति सैनिकले मरणोपरान्त सम्मान पाउने भएका छन्।

ललितपुरस्थित राष्ट्रसंघीय कार्यालयका अनुसार न्युयोर्कमा रहेको संयुक्त राष्ट्रसंघको प्रधान कार्यालयमा आगामी जुन यही जेठ २२ गते महासचिव एन्टोनियो गुटरेसले शान्तिसेनाको सम्मानमा पुष्पचक्र अर्पण गर्ने भएका हुन्। सोही अवसरमा कर्तव्य पालनाका क्रममा ज्यान गुमाएका ६८ जना सैनिक, प्रहरी तथा नागरिकलाई मरणोपरान्त ड्याग ह्यामर्शोल्ड पदक प्रदान गरिनेछ। यो पदकबाट नेपालका सुरज लामिछाने तथा देवीराम जैसीलाई मरणोपरान्त सम्मान गरिँदै छ।

संयुक्त राष्ट्रसंघीय शान्ति सेनामा सबैभन्दा बढी सुरक्षाकर्मी परिचालन गर्ने मुलुक नेपाल हो। नेपालबाट ३६४ महिलासहित चार हजार तीन सयभन्दा बढी सैनिक तथा प्रहरी कर्मचारी परिचालन भएका छन्।

# तामक्रम घट्दा तराई क्षेत्रका स्थानीयलाई केही राहत

**काठमाडौं ।** मौसम बदली र वर्षाका कारण केही दिनदेखि तराई क्षेत्रका स्थानीयलाई केही राहत मिलेको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार मौसम बदलीका कारण केही दिन विभिन्न जिल्लामा वर्षासहितको हावाहुरी चल्ने र तराई क्षेत्रमा शीतल महसुस हुने जनाकारी दिएको हो।

गतहप्ता तराईका विभिन्न जिल्लामा ४१ डिग्री नाघेको तापक्रम अहिले ३९ डिग्रीभन्दा तल रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ। विभागको मापन केन्द्रमा भएको अभिलेखअनुसार सबैभन्दा बढी तापक्रम धनगढीमा ३८ दशमलव सात डिग्री मापन भएको छ। यस्तै नेपालगञ्जमा ३८ दशमलव दुई डिग्रीसम्म तापक्रम पुगेको छ। अन्य जिल्लामा ३६ डिग्रीभन्दा माथि तापक्रम नगएको विभागले जनाएको छ। विभागका सूचना अधिकारी दिनकर कायस्थले अहिले देशभर केही शीतल महसुस भएको जनाउँदै अहिले विभिन्न जिल्लामा वर्षा हुने क्रम बढेको बताए।

गतसाता सबैभन्दा बढी धनकुटामा ८७ मिलिमिटर वर्षा भएको थियो। काठमाडौंसहितका कतिपय जिल्लामा भने मध्यमसम्म वर्षा भएको विभागले जनाएको छ। विभागले जारी गरेको बुलेटिनअनुसार हाल नेपालमा पश्चिमी वायू र स्थानीय वायू तथा नेपालको पूर्वी भू-भाग नजिक रहेको न्यून चापीय क्षेत्रको प्रभाव रहेको छ। जसका कारण अहिले देशका हिमाली र पहाडी भू-भागमा साधारणतया बादल लागेको छ भने बाँकी तराई भू-भागमा आंशिक बादल लागेको छ। कोशी प्रदेशका केही स्थानमा, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा भइरहेको विभागका सूचना अधिकारी कायस्थले जानकारी दिए।

मौसमविद धर्मराज उप्रेतीका अनुसार पश्चिम तराईको लु अर्थात अत्यधिक गर्मीको अवस्थामा केही कमी आउने र तीन-चार दिन शीतल महसुस हुने सम्भावना छ। उनका अनुसार जेष्ठ १५ गते बिहानैदेखि १८ गतेसम्म पश्चिम नेपालका तीन प्रदेश (सुदुर पश्चिम, कर्णाली अनि लुम्बिनी)मा वर्षा, असिना, हावाहुरीको प्रभाव रहेको छ। यो प्रणालीको प्रभाव गण्डकी, कोशी र मधेसमा पनि देखिने हुँदा शीतल महसुस हुने भएको हो।

विभागका अनुसार शुक्रबार देशभर साधारणतया बादल लागी गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशलगायत बाँकी हिमाली र पहाडी भू-भागका केही स्थानमा तथा मधेस प्रदेशलगायत कोशी र बागमती प्रदेशका तराई भू-भागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङ्गसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ। सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका तराई र पहाडी भू-भागका थोरै स्थानमा हावाहुरीको पनि सम्भावना रहेको बुलेटिनमा उल्लेख छ।



# भनिने–सुनिने धर्म र...

(चलन व्यवहार) पर्दछन् । यी परम्परा र रीतिरिवाज चाहिँ उही धर्ममा आस्था राख्ने विभिन्न मानिसहरूमा पनि व्यक्ति, देश र कालखण्ड अनुसार भिन्नभिन्न हुन सक्दछन् । हो, यही पाटो बहस विवाद र विमर्शको पाटो हो । एउटा विशेष कालाखण्डमा समाजको वैचारिक आधारको परिधिभित्रै रीतिरिवाज र परम्पराहरु निर्माण हुन्छन् र समाजको त्यो दर्शनसँग गाँसिन्छ जसलाई शासनको बागडोर सम्हालेका विशिष्ट वर्गले अंगालेका हुन्छन । पछि यो वर्गले समाजलाई उत्पादन र मानवीय सम्बन्धका आधारमा संगठित गरिसकेपछि ती रीतिरिवाज र परम्परामा फेरफार हुने गरेको पाइएको छ । समाजका भिन्नभिन्न समुदायका रीतिरिवाज र परम्परा भिन्न हुन सक्दछन् । भारतमा बाहुन, क्षेत्री वैश्य र शूद्रहरूका लागि सुनिश्चित भूमिकाका सन्दर्भमा यो प्रष्ट हुन्छ । सामाजिक दृष्टि र जनाधारमा परिवर्तन हुँदा यस्ता रीतिररिवाज र परम्परा पनि फेरिने वा परिमार्जित हुने गर्दछ । भारतमा यस्तो भएको पनि छ । तर यस्तो परिवर्तनमा धेरै विवाद पनि छ । परिवर्तनका पक्षधरले आफ्नो विचार र तर्कको आधार नयाँ धर्मनिरपेक्ष ज्ञानलाई मान्ने गर्दछन भने विरोधी पक्षले चाहिँ धार्मिक रीतिरिवाज र परम्परालाई आफ्नो तर्कको एउटा खण्ड मान्ने गर्दछन् । यस क्षेत्रमा ज्ञानको निम्न चार शाखाहरु कार्यरत रहेका पाइन्छन्ः १. राजनीतिक सिद्धान्त, विचारधारा र संस्थाहरु, २ सामाजिक आर्थिक ढाँचा र संस्थाहरु, ३. इतिहासको बुझाइ र त्यसको व्याख्या, ४. संस्कृति (रीतिरिवाज र परम्परा) ।

यसप्रकारको अध्ययन अचेल समाज विज्ञानको रूपमा श्रेणीबद्ध भइसकेको छ । र, यो समाज विज्ञान समय सँगसँगै आफ्नो बुझाइ, सैद्धान्तिक सीमा र आफ्ना सारतत्वमा ज्ञान राशी, परीक्षणको औजार र विश्लेषण पद्दतिका आधार आदि निकै फेरिइसकेको छ । यसैले हरेक आउँदो पुस्ताले अघिल्लोको काँधमा उभिएर अतीतको पुनर्व्याख्या गर्ने गर्दछ, नयाँ प्रविधि र निर्णयका विधि–प्रक्रिया, मुल्य–मापदण्ड र प्रतिमानको विकास गर्ने गर्दछ । र, यी कारणहरूले नै एक किसिमको परिवर्तन हुने गर्दछ । एउटा बहुलधर्मी राज्यमा ज्ञानको विकासद्वारा मानिसमा एउटा नयाँ अन्तर्दृष्टिको विकास हुन्छ र त्यसले समाजलाई अझ राम्रो तरिकाबाट संगठित गर्न सहयोग गर्दछ । यस्तो कुरो, निश्चय नै ज्ञान र बुझाइमा आधारित एउटा धर्मनिरपेक्ष समाजमा मात्र सम्भव हुन्छ । यस सन्दर्भका केही दृष्टान्ट हेरौं ।

महिलाहरूकै कुरा गरौं । समाजमा सबभन्दा बढी शोषित यो वर्ग बालिका शिशु हत्या, बालविवाह र सती प्रथाको शिकार रही आयो । यी तीनवटै कुप्रथाहरु महिलाको शारीरिक, सामाजिक बुझाइसँग सम्बन्धित छ । ऐतिहासिक दृष्टिबाट हेरियो भने नारीद्वारा बिउहरु, तिनको अंकुरण अनि पशुपालन बारेको आर्जित ज्ञानका कारणले गर्दा नै कृषिक्रान्ति सम्भव हुन सकेको हो । तिनताका पुरूषहरु शिकारमा व्यस्त रहन्थे । नारीहरूको दासत्व त्यसचरणमा आरम्भ भयो जब आधिकारिक शिकारका कारण जंगलमा जनावरको संख्या न्यून हुन गयो र पुरूषहरूले समूह बनाएर कृषि प्रणाली विकासित भएको र अन्न भण्डारण गर्ने गरेको समूहहरूमाथि धावा बोलेर अन्नपात लुटने र कामकाजी महिलाहरूलाई पनि आफ्नो अधीनमा लिने गर्न थाल्यो । यसरी पुरूषहरूका कामका लागि महिलाहरूलाई बन्धक बनाउन थालियो । फलस्वरूप उत्तर कृषि समाज तथा सामन्ती समाज पुरूष हैकमयुक्त समाज बन्न पुग्यो । महिलाहरूको स्थिति यो समाजमा बाँधाजस्ता हुन पुग्यो । तिनका काम घरायसी काम गर्नु र सन्तान उत्पादन गर्नु हुन गयो । सन्तानमा पनि छोरालाई श्रेष्ठता दिन थालियो । अरूसँग युद्ध गर्न तथा तिनका सम्पत्ति लुटिल्याउन सेनामा पुरूषको माग बढन थाल्यो र निरन्तर युद्धका कारण हुन गएको जनहानिका कारण सुगठित वलिष्ठ शरीर भएका पुरूषको आवश्यकता बढ्दै गयो । फलतः छोरीको जन्म पुरूषत्व उपरको धब्बा ठानिन लाग्यो र यसैले छोरी जन्मँदै मारिन थालिए । यो प्रचलनले अचेल आधुनिक रूवरूप धारणा गरेको छ ।

सतीप्रथा सम्भवत पुरानो युगको त्यस्तो प्रथाको एउटा रूप थियो जस अन्तर्गत पुरूषको मृत्युपछि उसँग रहेका सारा सम्पत्ति चिहानस्थ गरिन्थ्यो । मिश्रमा यस्तो सम्पत्तिमा रानीहरु, सेवाटहल गर्ने नोकरहरु ( दासहरु) र पशुहरु पनि समावेश गर्ने गरिन्थ्यो । पुरूषसँगै उसको सम्पत्ति भएको हुनाले स्त्रीलाई पनि चितामा जलाउने गरिन्थ्यो । पत्नीलाई सम्पत्ति नदिनका लागि पनि यस्तो गरिएको होला ।

बालविवाह महिलाहरूको मासिक धर्मको चक्रसँग सम्बन्धित हुन सक्छ । उष्ण (तातो) जलवायुमा मासिक धर्म सानै उमेरमा नै हुने सम्भावना रहन्छ । नवजात शिशु मृत्युदर, जन्मपछिको उच्च बाल मृत्युदर एवं बाल मृत्युदर न्यून गर्ने ज्ञान र साधनको अभावका कारण पनि बालविवाहको थालनी भएको हुनसक्छ । यसले गर्दा परिवारमा जिउँदो रहन सक्ने मानिसको संख्यात्मक सम्भावना कायम हुन सक्दो हो । हुन त मैले यहाँ सरलीकृत व्याख्यामा मात्र प्रस्तुत गरें तर यो विषय जटिल छ र निम्न आवश्यकतामा ध्यान जानु अपेक्षित छ । गम्भीर अध्ययन, ज्ञानका विभिन्न क्षेत्रको एकीकरण र प्राकृतिक र समाज विज्ञानको परस्पर संश्लेषणको प्रयासबाट कतिपय परिणाम र सम्भावनाहरु प्राप्त हुन सक्दछन् ।

यी सबै विज्ञानहरु परिवर्तनशील पनि छन् । एकपटक व्यापक निष्कर्षहरूमा पुगिसकेर यही ढाँचामा अध्ययनलाई निरन्तरता दिइयो भने सम्पूर्ण समस्याहरूमा नयाँ कुरा बाहिर आउन सक्छ । यसले विचार र धारणालाई परिमार्जन गर्न सहायता मिल्दछ र यसैगरी यो शिलशिला अगाडि बढ्न सक्छ ।

एउटा अर्को उदाहरण लिऊँ । इस्लामको अचानक भएको बढोत्तरी (उभार) र विस्तारलाई धर्मको अन्तर्निहित अपीलका सन्दर्भमा सरल तरिकाले प्रस्तुत गरिएको छ । तर ऐतिहासिक परिप्रेक्षमा यसलाई जाँच्दा यसभित्र अन्य कारकहरु पनि देखिन्छन् । धर्महरूको तुलनात्मक अध्ययनले भन्दछः

सबै धर्म–

- तत्कालीन समाजमा व्याप्त मत र रीतिरिवाजका विरूद्धको विद्रोह थियो ।
- शोषण तथा अन्यायका विरूद्ध विद्रोह थियो,
- दलित, गरिवीको रेखा नजिकका मानिसलाई आकर्षित गर्थ्यो र तिनलाई अपेक्षाकृत राम्रो भविष्यतिर डोऱ्याउँथ्यो ।

इस्लामले राजा, जमिन्दार र मुल्ला (धर्मगुरू) हरूको विलासी जिन्दगीको खर्च जुटाउन थोपरिएको चर्को करका भारले थिचिएका किसानहरूलाई आफूतिर आकषिर्त गऱ्यो । फलतः कतिपय देशहरूमा किसानले सामुहिक रूपमा धर्म परिवर्तन गरिलिए । शिल्पी र प्राविधिक सेवाका कालीगढहरूलाई समाजमा बराबरको हैसियत र सम्मान दिएर धर्मले तिनको सामाजिक ऊर्जालाई बन्धनहिन बनाइदियो । यो फगत संयोग मात्र होइन कि कतिपय देशमा किसान र कालीगढ मुसलमान थिए र समान्त वर्ग अन्य धर्मका अनुयायी थिए । तर पनि सबैका लागि बन्धुत्व र समानताको सन्देश दिने इस्लाममा इरानको विजय पश्चात् एउटा ठूलो परिवर्तन देखियो । आफ्नो विकासको आरम्भिक चरणमा इस्लाममा निर्णय गर्नका लागि 'मजलिस' (सभा) को प्रावधान राखियो । यो कुरो चारैजना खलीफा (राजा) हरूको जीवनीबाट स्पष्ट हुन्छ । इरानमा कब्जा जमाएपछि र इरानीहरूलाई इस्लाममा धर्मान्तरित गरिसकेपछि इस्लामले इरानी राजाहरूको शान शौकतको देखावटी परम्परालाई आत्मसात् गरिदियो र समाज गरिव धनीमा विभाजित भयो र, यस्तो समाजमा, जहाँ मानव श्रम नै शक्तिको मुख्य स्रोत थियो, इस्लाम धर्म मान्नेहरु नै अरवी दास आपूर्ति गर्ने ठूलो व्यापारी बन्न पुगे र, खानी, कारखाना, घरेलु कामहरु तथा सेवाका लागि तिनको आपूर्ति गर्दै रहे । दासतन्त्र सेनामा पनि बन्यो र फेरि ती सैनिक दाससत्ताका बाहक बने । भारतमा पनि दासवंशको शासन रह्यो ।

हाम्रोमा यो स्थिति पहिले नै बनिसकेको थियो । डा. कोशाम्बीका शब्दमा हिन्दू धर्मबाट बौद्ध धर्ममा ठूला संख्यामा धर्म परिवर्तनको आधार पनि यही थियो । पछि बौद्ध भिक्षु वर्गको संख्या बढेपछि तथा तिनको ऐसोआराम शानशौकत पनि बढ्दै गएपछि कष्टप्रद जीवन बाँचिरहेका किसान त्यहाँ पनि आजित भए । यो स्थितिप्रतिको विद्रोह स्वरूप किसानहरूले पुनः पहिलोको धर्म मान्न थालेको तथ्यलाई बोध गर्न सकिन्छ । यी दृष्टान्तहरूका माध्यमबाट स्पष्ट हुन्छ कि एउटा विशिष्ट धर्म मानिरहेकाहरु राजनीतिक कारणले, सामाजिक आवश्यकताले अथवा हुनसक्छ आर्थिक दवावमा परेर इतरधर्मका अनुयायीहरूसँग सहकार्य गर्न लाग्दथे र तिनकै धर्म–संस्कृति, रीतिरिवाजको अंग झै देखिन थाल्थे । यिनमा व्यवहार परिवर्तनको आवश्यकता त हुन्छ । तर यसो गरिँदा विवाद र संघर्ष हुन जान्छ । यो विवादको कारक ती हुन्, जो नयाँ परिवर्तनका विरूद्ध धर्मलाई ढाल बनाउने गर्दछन् किनकि यथास्थितिमा तिनको निहित स्वार्थ हुन्छ र परिवर्तनका कारणबाट तिनको हैसियत जोखिममा परेझैं ठान्न थाल्दछन् । अस्पृयता विरूद्धको लडाइ, मन्दिरमा दलितको प्रवेश र समानताको अधिकारका लागि मुसलमान महिलाको सन्दर्भमा यिनै तथ्यहरु अगाडि देखापर्दछन् ।

प्रश्न उठ्दछ– आखिर स्थितिहरूलाई फेर्ने प्रयास किन गर्ने ? तिनलाई जस्ताको तस्तै रहन दिए त भैगो नि । मेरो बुझाइमा स्थितिहरूमा फेरबदलको आवश्यकता ज्ञान (चेतना) को विकासका कारण हुने गर्दछ किनकि चेतनाको कारणले नै पहिलेदेखि चलिआएका कुराहरूले थप आवश्यकताहरूमा नयाँ निकासहरु देखा पर्दछ र भिन्न खालको बुझाइ उत्पन्न हुन्छ । भौतिक, जैविक वा राजनीतिक आवश्यकहरूका कारण पनि यस्तो हुन सक्दछ । यस बाहेक नयाँ उद्योगहरूको स्थापनामा नेतृत्वदायी भूमिका ओगट्ने प्राविधिक खोजहरूका कारण पनि मानव जातिमा परिवर्तन आउँछ र मूल्यहरु तथा संस्थाहरु एवं अन्य सम्बन्धहरूको आवश्यकता पर्दछ । भारतको स्वाधीनता आन्दोलन यसको प्रत्यक्ष प्रमाण हो । उन्नाइसौं शताब्दीमा युरोपेलीहरु आफूलाई सर्वश्रेष्ठ ठान्दथे र तिनका नजरमा अफ्रिका र एसियालीहरु निकृष्ट जस्ता थिए । उनीहरु ती उपर शासन गर्दथे र शोषण पनि गर्दथे । फलतः यो अवधारणा र शोषणका विरूद्ध नै स्वाधीनता आन्दोलनले आफ्नो दिशा निर्धारण गऱ्यो । उपलब्ध जानकारीका आधारमा स्पष्ट हुन्छ कि युरोपेलीहरूको त्यस्तो अवधारणा गलत थियो र त्यसको ठाउँमा एउटा निकै सौहार्द्रपूर्ण मूल्य केन्द्रित र उन्नतसमाज निर्माण गर्ने प्रयास गरियो र यसरी एउटा वैकल्पिक अवधारणाको विकास भयो । निःसन्देह यी सम्पूर्ण कुराको आधार ज्ञान (चेतना) नै थियो र मैले पहिले पनि भनिसकेको छु कि यो चेतना मूलतः धर्मनिरपेक्ष हुन्छ र यसको स्थान धार्मिक र भौगोलिक परिधि भन्दा निकै उच्च छ ।

जाति व्यवस्थाले भारतमा अनेक किसिमका सामाजिक रीतिथिति जन्मायो । अछुतहरु, खरेटो लगाउनेहरु या फोहर सफा गर्ने पोडेहरु बहिष्कृत जाति समूहमा पर्थे । शूद्रहरूका बारेमा भनिन्थ्यो तिनको छायाँधरी पर्दा पनि बाहुनहरु अपवित्र भएको ठान्थे । मनुस्मृतिले विरामी हेर्न वैद्यहरु शूद्रबस्तीमा नजाउन र त्यस बस्तीका कसैसँग सूचना, जानकारी पनि नमाग्नु भनी निर्देश गऱ्यो । समकालीन युगमा सफाइ प्रविधिको विकासका कारण खरेटो लगाउनु पर्ने वा फोहोर आदि सफाइ गर्नुपर्ने कामका लागि मानिसको दर्कार पर्न छाड्यो । अचेल यी सबै काम मेसिनद्वारा नै हुने गर्दछ । फलतः यी वहिष्कृत जाति समूहहरूका मानिसले नयाँ किसिमको काम गर्ने अवसर पाउन सके र तिनका लागि अनेकौं सम्भावनाहरूको ढोका खुल्न पुगेको छ । यो सबै वैज्ञानिक ज्ञान र तद्जन्य प्रविधिको परिणाम नै हो । ठूलो संख्यामा एकनास यातायातका साधन व्यवस्थाका कारण र धनी दलित एउटै श्रेणीको उही डब्बामा अझ सँगैको सिटमा बसेर सँगसँगै यात्रा गर्ने गर्दछन् । यी सम्भावना र प्रविधिका कारण हाम्रो अवधारणामा पनि परिवर्तन आएको छ । यसरी समाजलाई एउटा धर्मनिरपेक्ष आधार प्रदान गर्नका लागि हामीले पुराना अवधारणा र आवश्यकतालाई बदर गरिदिएका छौं ।

धर्मको नाममा बनेको र अभ्यासमा ल्याइने गरिएको भेदभावलाई पनि धर्मनिरपेक्षताले समाप्त पार्दछ । म सानो हुँदाको जमानामा जुन रेलस्टेशनहरूमा पानी र चियालाई हिन्दू पानी र मुस्लिम पानी तथा हिन्दू चिया र मुसलमान चियाको रूपमा बोध गर्ने गरिन्थ्यो अचेल ती ठाउँमा ती चिजलाई सफा पानी फोहर पानी, र मिठो चिया, नमिठो चिया भनी बोध गर्ने गरेको देखिन्छ । यसैगरी आज सहरी जलप्रणाली अन्तर्गत पानी भण्डारण र त्यसको आपूर्ति प्रणाली विकास गरी जनसाधारणसम्म पुग्ने गर्दछ, त्यो स्वच्छ मात्र नभएर एक किसिमले अर्धनिरपेक्ष पनि हुन्छ । अझ के पनि हुन सक्दछ भने यो सहरी जल प्रणाली दलितहरूद्धारा नै सञ्चालित पो भइरहेको छ कि ? तर यसमा आज कसैले आपत्ति मान्दैन । अन्यहरूले झैं बाहुनहरूले पनि त्यही पानी अप्ठ्यारो नमानीकन उपयोग गर्दछन् ।

बंगालको राजकीय एसियाली समाजका संस्थापक विलियम जोन्सले सुनाएको एउटा प्रकरण यहाँ सान्दर्भिक हुनेछ । उनले संस्कृतका एकजना विद्वान र एकजना अरबी फारसी विद्वानलाई स्पाइकेनार्ड (Spikenard) जरामसी र सुम्बले–ए–हिन्द नामका यी विरूवा एउटै हुन वा फरक भनी सोधे । ती विद्वानहरूले यी फरक फरक विरूवा हुन भनी जिकिर गर्दै अनेक तर्क वितर्क गर्दैरहे । पछि जोन्सले विरूवा नै अगाडि राखेर सोधेपछि ती चुप लागे । हुन त यसो गर्नुको जोन्सको उद्देश्य बेग्लै हुँदो हो तर यसले के पुष्टि गर्दछ भने प्रत्यक्ष देखेका कुरामा पनि भर पत्यार गर्ने प्रवृत्तिको अभाव विद्वानहरूमा पनि पाइन्छ । प्रत्यक्ष ज्ञानका अभावमा त्यसमा आधारित परम्परा पनि क्षयकारी हुन्छ । एउटा धर्मका अनुयायीप्रति अर्को धर्मको अवलम्बीको आग्रही दृष्टिकोणको परिचायक पनि हो यो कुरो । यो दृष्टान्त मानव सौँच र उसको व्यवहारको एउटा नमूना हो । तथ्यलाई राम्ररी जाँचबुझ नगरीकन इतर समुदायप्रति कसरी पूर्वाग्रही धारणा विकसित भएर जाँदो रहेछ भन्ने कुरो यसले दर्शाउँदछ । ज्ञानमा आधारित वैज्ञानिक दृष्टिकोणले नै विकासमा बाधक बन्दै गरेको यस्ता बाधाहरूलाई छिमल्न सक्छ र विभिन्न समुदाय र धार्मिक अनुयायीहरूलाई एक ठाउँमा उभ्याउन सक्छ । बेलायती शासकहरूले भारतका कतिपय जनजातिहरूलाई अपराधी घोषित गरिदिएका थिए । ती जनजातिहरूका बारेमा तिनको दृष्टिकोण सतही अवलोकन, सिमित बुझाइ र राजनीतिक तिकडममा आधारित थियो । तर ती जनजातिहरु उपर गरिएको अध्ययनले तिनको उत्पत्ति र संगठन तथा तिनको क्षमता र व्यवहारका बारेमा एउटा नवीन अर्न्तदृष्टि प्राप्त हुन गयो ।

माथिका उदाहरण र व्याख्याहरूले जनमानसमा अनेकौं धार्मिक विश्वास, विचारधारा र दर्शन उपस्थित रहेको हुन्छ । भनी अपेक्षाकृत स्पष्ट रूपमा स्थापना गर्दछ तर जहाँसम्म राजनीतिक र सामाजिक समस्याहरु गाँठाहरु र प्राकृतिक परिघटनाहरूका सन्दर्भमा मानव सम्बन्धको आचार व्यवहारको प्रश्न छ, आधुनिक ज्ञान (चेतना) लाई बदर गर्नुपर्ने आवश्यकता छैन । वास्तवमा यथार्थ अवलोकन र तथ्यका आधारमा एक अर्कालाई बुझ्नका लागि तथा मानवीय धरातलको विस्तार तथा सामाजिक फेरबदल र गतिमान संस्कृति भित्र्याउनका लागि विज्ञानको प्रभावशाली भूमिका रहने गर्दछ ।

यस सन्दर्भमा प्रकृति तथा कुनै पनि सामाजिक परिघटनालाई बुझ्ने राम्रो तरिका र सु–संगठित मापक विज्ञान नै हो । मृत परम्परा तथा चालचलनद्वारा निर्मित भेदभावपूर्ण नीतिभन्दा पृथक रहेर विज्ञानले नै प्रभावकारी तरिकाले काम गर्न सक्दछ र सामूहिक उद्देश्यका लागि सम्पूर्ण मानवलाई एउटा ठाउँमा उभ्याउन सक्दछ । यसरी विज्ञानको भूमिका धर्मनिरपेक्ष हुन्छ । तर विज्ञानलाई विज्ञानवाद भन्दा पृथक राखेर हेर्नु पर्दछ भन्ने मलाई लाग्दछ । विज्ञानवादले समस्याहरु तथा तार्किक सकारात्मक दर्शनलाई यान्त्रिक तरिकाले बुझ्दछ । ज्ञानको प्रयोग गर्दा लगनशिलता, प्रेम, सहानुभूति, इमान्दारी र अन्य मानवीय मूल्यहरूलाई वेवास्ता गरिनुहुन्न । वास्तवमा यो एकीकृत धर्मनिरपेक्ष वैज्ञानिक बुझाइ र यी मानव–मूल्यले नै विज्ञानलाई एउटा शक्तिशाली तागत बनाइदिएका हुन । एउटा यस्तो तागत जसका बारमा उन्नाइसौं शताब्दीका कवि हाली नै भनेका थिए, 'यसमा ईश्वरको हातको तागत छ ।'

**अनुवादः इस्माली । भारतबाट प्रकाशित हुने इतिहासबोध हिन्दी पत्रिकाको 'धर्म...' विषयक विशेषांक (प्रकाशन मिति उल्लेख नभएको) मा प्रकाशित ए रहमानको प्रबन्धको नेपाली रूपान्तर ।**

# पर्यटन मन्त्रालयअन्तर्गतका रिक्त विभिन्न निकायमा हजारौं आवेदन

**काठमाडौं ।** संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयअन्तर्गतका विभिन्न १७ निकायमा ४ हजार ३ सय ४८ जनाको आवेदन परेको छ। मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार १७ वटा विभिन्न निकायमा रिक्त रहेका पदका लागि आह्वान गरिएको रोष्टर सूचीमा ४ हजार ३ सय ४८ जनाको आवेदन परेको हो ।

तथ्यांकअनुसार नेपाल पर्यटन बोर्डमा ८५५ जनाले, नेपाल नागरिक उड्डयन प्राधिकरणमा ५७८ जनाले, पशुपति क्षेत्र विकास कोषमा ४७६ जनाले, लुम्बिनी क्षेत्र विकास कोषमा ४६५ जनाले, नेपाल प्रज्ञा प्रतिष्ठानमा ४३८ जनाले, संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा १९६ जनाले आवेदन दिएका छन् ।

यस्तै, बृहत्तर जनकपुर क्षेत्र विकास परिषदमा १८६ वटा, ललितकला प्रज्ञा प्रतिष्ठानमा १६६ वटा, सांस्कृतिक संस्थानमा १५१ वटा, नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठानमा १४९ वटा र नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिमा ४६ वटा आवेदन परेको छ ।

यसैगरी, बौद्धनाथ क्षेत्र विकास समिति, तारा गाउँ विकास समिति, पाटन संग्रहालयलगायत अन्य निकायमा पनि उल्लेख्य आवेदन परेको छ। सबै आवेदनको मूल्या ंकन समितिद्वारा अध्ययन तथा छानबिन भइरहेको मन्त्रालयले जनाएको छ ।

# प्रतिनिधिसभा बैठक : मध्यपूर्वको समस्याका कारण रोकियो एक लाख ८७ हजार टन मल

**काठमाडौं ।** कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले मध्यपूर्वको समस्याका कारण सम्झौता भइसकेको एक लाख ८७ हजार टन रासायनिक मल आउन नसकेको जानकारी दिएकी छन् । प्रतिनिधिसभाको बैठकको शून्य, आकस्मिक र विशेष समयमा उठेका प्रश्नहरूको बैठकमा जवाफ दिँदै उनले रोकिएको मल ल्याउन सरकारले प्रयास जारी राखेको बताएकी हुन् ।

मन्त्रिपरिषदको निर्णयअनुसार भारत सरकारसँग सम्झौता गरेर मल आयात गर्न लागिएको उनको भनाइ छ। पाँच लाख ५४ हजार मेट्रिकटन मल चालु आर्थिक वर्षमा आयात भएको छ। मल वितरणलाई पारदर्शी बनाउन कार्यविधि, २०८२ कार्यान्वयनमा रहेको उनले बताइन् । हाल मल वितरण सूचना प्रणाली कार्यान्वयनमा रहेको मन्त्रालयले जनाएको छ। बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रले धान, गहुँ, मकै, मुसुरो, तोरीको बीउ किसानलाई उपलब्ध गराएको छ।

मन्त्रालयले सबै भूगोल र क्षेत्रमा बीउबिजन उपलब्ध गराएको छ। मन्त्रालयले स्रोत र उन्नत बीउ उत्पादनमा अनुदानको व्यवस्था रहेको छ। उखु किसानका समस्या समाधानमा मन्त्रालय गम्भीर रहेको मन्त्री चौधरीले संसदमा जानकारी गराइन् । उनका अनुसार १४ वटा चिनी उद्योगसँग सम्झौता भएको छ। किसानलाई प्रतिक्विन्टल थप गरी उखुको पैसा दिइनेछ। उखु किसानको रोकिएको भुक्तानीमध्ये हालसम्म करिब ६० प्रतिशत भुक्तानी भएको छ ।

उखु उत्पादन क्षेत्रफल विस्तारका लागि मन्त्रालयले प्रयास गरिरहेको छ। दुग्ध विकास संस्थानलाई दूध बेच्ने किसानको १८ करोड धमाधम भुक्तानी भइरहेको उनले बताइन् । खाद्य व्यवस्था तथा पावर कम्पनी लिमिटेडबाट कर्णालीका स्थानीय उत्पादन खरिद गरी बिक्रीवितरण भइरहेको छ। स्थानीय तहलाई सामुदायिक पशु चौपाया व्यवस्थापनको जिम्मेवारी दिइएकामा स्थानीयस्तरमा बनेका गौशालालाई पृष्ठपोषण गरिनुपर्ने उनले बताइन् । सामुदायिक पशु व्यवस्थापनमा अन्तरपालिका समन्वयको काम गर्न लागिएको छ। पशु ऐन मस्यौदा भइरहेको मन्त्री चौधरीले बताइन् । उनका अनुसार रैथानेबाली प्रवर्द्धन कार्यक्रम ५८ पालिकामा भइरहेको छ। उन्नत बीउ कार्यक्रम काठमाडौं उपत्यकाका १० वटा पालिकामा सञ्चालनमा रहेको छ ।

वनबाट वार्षिक तीन करोड घनमिटर काठ उत्पादन हुने गरेकामा काठमा आत्मनिर्भर हुने विश्वास लिइएको छ। अतिक्रमित निकुञ्ज क्षेत्रका जमिनकाबारेमा तथ्याङ्क लिन लागिएको मन्त्री चौधरीले जानकारी दिइन् । बर्दिया राष्ट्रिय निकुञ्जमा मानव-बाघ द्वन्द्वमा राहत वितरण भइरहेको छ। नेपालले न्यून कार्बन उत्सर्जन गरे पनि जलवायु परिवर्तनले उत्पन्न गराएको समस्या भोगिरहेको विश्वसमुदायमाझ राखी समाधानका लागि सहयोगको पहल भइरहेको बताइन् ।

जलवायु अनुकूलनमा काम भइरहेको र हरित कोषबाट प्राप्त रकमबाट काम भइरहेको पनि उनले जानकारी दिइन् । वातावरणीय प्रभाव मूल्याङ्कन गरी अध्ययन प्रतिवेदन स्वीकृत गर्नुपर्ने बताउँदै मन्त्री चौधरीले वातावरण संरक्षण ऐनमा भएको व्यवस्थाअनुसार नै काम भइरहेको जानकारी दिइन् । हाल नेपालमा करिब एक करोड ९० लाख किसान रहेको र ती किसानका समस्या समाधान गर्नेगरी मन्त्रालयले काम गरिरहेको पनि मन्त्री चौधरीले जानकारी दिइन् ।

# श्रीमान् खोज्दै रुस पुगेकी श्रीमतीको पनि मृत्यु

**काठमाडौं ।** गरिबीबाट परिवारलाई उकास्ने सपना बोकेर विदेशिएका बर्दियाका ज्ञानबहादुर थापामगरको परिवार अहिले पीडामा डुबेको छ ।

रोजगारीको सीलसीलामा रुस गएका ज्ञानबहादुर सम्पर्कविहीन भएपछि उनको खोजीमा त्यहाँ पुगेकी श्रीमती इन्दिरा थापामगरको पनि हृदयघातबाट उतै निधन भएपछि तीन सन्तानसहित आफन्तजनमा बज्रपात परेको छ। बर्दियाको बाँसगढी नगरपालिका-४ स्थायी घर भएका ४३ वर्षीय ज्ञानबहादुर सुरुमा दुबई जाने तयारीमा रहे पनि एजेन्टसँगको भेटपछि रुस पुगेका थिए। रुसमा उनको युक्रेन युद्धसँग जोडिएका क्षेत्रमा पुगेको र मारिएको खबर पाउन श्रीमती इन्दिरा उतै पुग्नुपर्‍यो ।

श्रीमान्को अवस्था बुझ्न र परिवारको भविष्य जोगाउने आशामा ४० वर्षीय इन्दिरा तीन सन्तानलाई लिएर पोखराको बाटुलेचौरमा मजदुरी गरेर जीविकोपार्जन गर्दै आएका थिए। लामो समयसम्म श्रीमान्को कुनै खबर नआएपछि हारगुहार गर्दै उनी रुस पुगेकी थिइन् । सम्पर्कविहीन श्रीमान्को निधन नै भएको थाहा पाएर सबै प्रक्रिया पूरा गरी नेपाल फर्कने तयारीमा रहेकै बेला इन्दिरालाई एक्कासी हृदयाघात भयो । रुसस्थित नेपालीहरूको सहयोगमा उनलाई ओएमं पिलाटाभका नाममा रहेको सिष्टी क्लिनिकल अस्पताल १५ नम्बरको २३ वेश्न्याका भस्काया स्ट्रिट, मस्कोमा उपचारका लागि लगिएको थियो ।

वैशाख ३१ गते उपचारकै क्रममा इन्दिराको निधन भयो। अहिलेसम्म पनि शव परीक्षण रिपोर्ट आउन सकेको छैन र आर्थिक अभावका कारण उनको शव नेपाल ल्याउन समेत कठिनाइ भएको इन्दिराका बुबा चिरन कार्कीले जानकारी दिए। छोरी फागुनको ४ गते श्रीमान्को खोजी गर्न रुसका लागि पोखराबाट काठमाडौंतर्फ लागेको उनले जानकारी दिए। इन्दिराका परिवार अहिले मामाघरमा सँगै बस्दै आएका छन् ।

इन्दिराका कान्छा छोरा ८ वर्षीय सौरव थापामगर कक्षा ३ मा पढ्छन् । मुटुमा समस्या भएका कारण सौरवको बेग्लै समस्या छ। नियमित उपचार आवश्यक भए पनि आर्थिक अभावले उपचार रोकिएको छ। आमाको निधन भएको थाहा नदिए पनि केही दिनयता नाती सौरव बाटोतर्फ हेर्ने, कम बोल्ने, मलिन र एकोहोरो स्वभावको बन्दै गएको सौरवका हजुरबुबा कार्कीले बताए। पोखरा महानगरपालिका वडा नं १३ कसेरीस्थित मामाघरमा आश्रय लिएर बसिरेहका सौरवले भने, 'आमा आउँदा साइकल ल्याइदिन्छु भन्नुभएको छ।' ठूलो छोरा २४ वर्षीय निरज थापामगरले भावविह्वल हुँदै भने 'घर राम्रोसँग हेर्नु र भाइबहिनीको ख्याल गर्नु भनेर आमाले सम्झाएर जानु भएको थियो आज यस्तो अवस्था आयो। बुवाको निधनको पुष्टि भएपछि कुशको शव बनाएर दाहसंस्कार गर्‍यौं । बुबाको किरिया गरेको एक वर्ष नपुग्दै आमाको पनि निधन भयो अब के गर्ने ?'

थापामगर परिवारको यो समस्या केवल एउटा परिवारको पीडा मात्र होइन, जोखिमपूर्ण वैदेशिक रोजगारीको कठोर यथार्थ पनि हो। गरिबी, बेरोजगारी र दलालको जालोले नेपाली युवालाई युद्धग्रस्त भूमिसम्म धकेलिरहेको छ। त्यसको सबैभन्दा ठूलो मूल्य निर्दोष बालबालिकाले चुकाइरहेको छन् । यो परिवारमा भविष्यको भन्दा पनि शव ल्याउने समस्या समेत जटिल बनेको छ। पोखरा महानगरपालिका-१७ आँखा अस्पतालचोक निवासी इन्दिराकी माइतीतर्फ कान्छीआमा दिलमाया कार्कीका अनुसार एक साताअघि मात्रै इन्दिरासँग फोन सम्पर्क भएको थियो। 'एउटै समस्या भएका हामी १२ जना नेपाली महिला एउटै कोठामा बसेका थियौं, धेरै जना काम सकेर फर्किनुभयो कोठामा कसैले कसैलाई सहयोग गर्ने गर्दैनन् । घर फर्किन पाए परिवारलाई भेट्थेजस्तो लागिरहेको छ' इन्दिराले सुनाएको पीडा दिलमायाले सम्झँदै भनिन् । विमानस्थलमा अलपत्र परेकी इन्दिरालाई एक जनाले भेटेर हिन्दी भाषामा समस्या सुनाएपछि नेपालीले सहयोग गरेका थिए।

इन्दिराको सहयोगी बनेर रुस पुगेका माइततर्फ काकाको छोरा भाइ सुरज कार्कीलाई सहयोगीका रूपमा लिएर रुसको मस्को विमानस्थलमा झर्नेबित्तिकै सुरक्षाकर्मीले सोधपुछ गर्दै थियो एकै छिनमा नेपाल फर्काइदियो। 'भाइको कपडा मेरो झोलामा थियो र सम्पूर्ण रकम भाइसँग थियो बोल्न पनि नपाएपछि बेखर्ची भएर विमानस्थलमै अलपत्र परे' दिलमायाले भक्कानिँदै आँखाभरी आँसु पार्दै सुनाइन् । अब बितेका दुवै जानको क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारले रुसी सरकारसँग पहल गर्नुपर्नेमा उहाँको जोड थियो ।

# नेपाल–चीन सीमा बैठकः सीमा अपराध नियन्त्रण तथा नागरिक सुरक्षा प्राथमिकतामा

**काठमाडौं ।** नेपाल र चीनबीचको नियमित सीमा समन्वय बैठक रसुवाको धुञ्चेस्थित जिल्ला प्रशासन कार्यालयमा सम्पन्न भएको छ। बैठकमा नेपाली पक्षको नेतृत्व रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले गरेका थिए भने चिनियाँ पक्षको नेतृत्व चिनियाँ अधिकारी चु जिनसाउनले गरेका थिए।

दुई देशका अधिकारीबीच गत शनिबार भएको छलफलमा सीमा सुरक्षा, व्यापार सहजीकरण, आपसी समन्वय, सीमा अपराध नियन्त्रण तथा नागरिक सुरक्षालाई थप प्रभावकारी बनाउने विषयमा विशेष जोड दिइएको बताइएको छ। नेपाल-चीनबीच लामो समयदेखि रहँदै आएको ऐतिहासिक मित्रता, आपसी विश्वास र सहकार्यलाई अझ सुदृढ बनाउने दिशामा बैठक फलदायी भएको सहभागी अधिकारीहरूले बताएका छन् । हिमाली क्षेत्रका जनताको दैनिकी, व्यापार तथा आवतजावतलाई सहज बनाउने विषयमा दुवै पक्ष सकारात्मक देखिएका छन् ।

कामका सिलसिलामा केरुङ क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकको सुरक्षा, स्वास्थ्य उपचार र आवश्यक सहजीकरणका विषयमा नेपाली पक्षले चिनियाँ अधिकारीसमक्ष विशेष आग्रह गरेको जनाइएको छ। सीमा क्षेत्रबाट हुनसक्ने अवैध कारोबार तथा आपराधिक गतिविधि नियन्त्रणका लागि दुवै देशका सुरक्षा निकायलाई थप चनाखो र समन्वयात्मक रूपमा परिचालन गर्ने समझदारी भएको छ। विशेषगरी रसुवा बाहिरबाट आएका नेपाली सवारी चालकलाई समेत आवश्यक प्रक्रिया पूरा गरी केरुङ जान दिने विषयमा सकारात्मक छलफल भएको छ। राहदानी भएका र असल चालचलनका चालकलाई क्रमशः सहजीकरण गर्न सकिने सङ्केत चिनियाँ पक्षबाट आएपछि नेपाली सवारी चालक तथा व्यवसायीमा उत्साह थपिएको छ। यसअघि जिल्लाका चालकलाई मात्र प्राथमिकता दिने चिनियाँ प्रावधानमा केही लचकता आउने सङ्केत देखिएसँगै व्यापार तथा ढुवानी क्षेत्र थप चलायमान बन्ने अपेक्षा गरिएको छ।

जिल्ला प्रशासन कार्यालयका अनुसार नेपाल र चीनबीच सीमा क्षेत्रमा देखिने समस्या समाधान, सुरक्षा समन्वय तथा आपसी सहकार्यलाई निरन्तरता दिन कहिले केरुङ र कहिले रसुवामा आलोपालो बैठक बस्ने प्रावधानअनुसार यस्ता बैठक नियमित रूपमा सञ्चालन हुँदै आएका छन् ।

सीमा क्षेत्रमा देखिएको सकारात्मक वातावरण, व्यापारिक गतिविधिमा बढ्दो सहजता तथा दुई देशबीचको मित्रवत् सम्बन्धले रसुवासहित समग्र उत्तरी नाका क्षेत्रमा नयाँ आशा र उत्साह थपिएको स्थानीय समाजसेवी मिलन तामाङले प्रतिक्रिया दिए।

# एसियन महिला छनोटः चीनमाथि नेपालको जित

**काठमाडौं ।** नेपाली महिला टोलीले एशियन गेम्स महिला छनोटअन्तर्गत चीनमाथि १९ रनको शानदार जित हात पारेको छ।

मलेसियाको बायुमास ओभल क्रिकेट मैदानमा भएको खेलमा नेपालले दिएको १२६ रनको लक्ष्य पछ्याएको चीन निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १०६ रनमा समेटियो। चीनको लागि मिङ्युए झुले सर्वाधिक ३० रन बनाइन् । त्यस्तै वाङ हुईयिङले २१ तथा वेई हैटिङले १८ रन जोडिन् । नेपालका लागि रिया शर्माले उत्कृष्ट बलिङ गर्दै २ विकेट लिइन् । त्यस्तै मनीषा उपाध्याय, कविता कुँवर र पूजा महतोले समान १/१ विकेट लिए। त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १२५ रन बनाएको योगफल बनाएको थियो। नेपालका लागि पूजा महतोले उत्कृष्ट ६३ रनको अर्धशतकीय इनिङ्स खेलिन् ।

रुवी पोद्दारले २२ रनमा अविजित रहिन् । चीनका लागि मा रुइकेले २ विकेट लिइन् भने वाङ हुईयिङ र जियापिङ लीले समान १/१ विकेट हात पारे। अब नेपालले भोलि इन्डोनेसियासँग खेल्नेछ।

# छुमचौरमा मार्सीधान रोपाइँ

**काठमाडौं ।** पातारासी गाउँपालिका-३ स्थित छुमचौरमा धान रोपाइँ सुरु भएको छ। चिसोका कारण असारमा रोपेको धान समयमै नपाक्ने भएकाले यहाँ जेठमै धान रोप्ने परम्परा छ।

गाउँपालिकाको कृषि शाखाको आयोजनामा कृषि विकास कार्यालयका कर्मचारीलागायत स्थानीयको सक्रियतामा छुमचौरको जिउलोमा धान महोत्सव आयोजना गरी रोपाइँ सुरु गरिएको गाउँपालिका उपाध्यक्ष जनमाया रोकायाले जानकारी दिए। पछिल्लो समय बजारमा मार्सी चामलको माग उच्च रहे पनि यसको उत्पादन घट्दै गएको छ। मार्सी लोप हुन नदिन गाउँपालिकाको छुमचौर जिउलोमा सामूहिक रोपाइँ गर्ने चलन सुरु गरेको प्रमुख प्रशासकीय अधिकृत हेम शर्मा चापागाईंले जानकारी दिए।

जिल्लामा दुई हजार ८८८ हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ। जसमध्ये एक हजार ६८ हेक्टर अर्थात् ३७ प्रतिशत क्षेत्रफलमा रैथाने जुम्ली मार्सी धान उत्पादन हुने गरेको कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले बताए। गत वर्षको कात्तिकदेखि फागुन मसान्तसम्मको अवधिमा जिल्लाबाहिर करिब १७५ मेट्रिक टन जुम्ली मार्सीधानको चामल बिक्री वितरणबाट करिब तीन करोड ५० लाख किसानले आम्दानी गरेको कृषि विकास कार्यालयका प्रमुख अधिकारीको भनाइ छ।

परम्परागत खेती प्रविधिमा केही रोग कीरा बढ्दा कृषि अनुसन्धान केन्द्रले चन्दननाथ १ र ३ जातको धान यहाँका विभिन्न क्षेत्रमा लगाउन यहाँ सिफारिस गरिएको छ। अनुसन्धानले आगामी वर्ष मार्सी १८, २० र २२ जातको धान सिफारिस गर्ने क्रममा रहेको कृषि विकास कार्यालयका प्रमुख अधिकारीले जानकारी दिए।

# असिना पानीले मकै, फलफूल तथा तरकारी बालीमा क्षति

**काठमाडौं ।** सोमबार आएको हावाहुरीसहितको असिना पानीका कारण पोखराका विभिन्न स्थानमा मकै, फलफूल तथा तरकारी बालीमा क्षति पुगेको छ। हावाहुरीसहितको असिना पानीका कारण महानगर क्षेत्रका वडा नं १३, २२, २३, २४, २८, ३१, ३२, ३३ लगायतका वडामा लगाइएको मकैसहित फलफूल तथा तरकारी बारीमा क्षति पुगेको पोखरा महानगरपालिका कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले जानकारी दिए।

कृषि प्राविधिक एवम् वडास्तरीय कृषि सञ्जालबाट क्षतिको विवरण संकलन सुरु गरिएको छ। वडा नं १३ मा लगाइएको करिब २०० रोपनी क्षेत्रफलको तरबुजालाई असिनाले क्षति पुर्‍याएको छ। सुरौदी खोलामा पानीको बहाव बढेपछि महानगरको ३३ नं वडाको सुरौदी तिखेढुङ्गा क्षेत्रमा पुल नहुँदा ३५ रोपनीभन्दा बढी क्षेत्रफलमा लगाइएको तरबुजा बजारमा ल्याउन मुस्किल भएको छ।

**फौजीकीराको उधुममाथि असिनाको मार**

यसैबीच, मकै बालीमा फौजीकिराको प्रकोपले पीडामा रहेका बागलुङका किसानलाई असिनापानीले थप पीडा दिएको छ। अमेरिकन फौजीकिराको प्रकोपका कारण मकैका बोट सखाप बन्दै गएपछि चिन्तामा रहेका किसानलाई यही जेठ ११ गतेको असिनापानीले थप पीडा दिएको हो।

बागलुङको काठेखोला गाउँपालिका, बागलुङ नगरपालिका, जैमिनी नगरपालिका, बरेङ गाउँपालिकालगायतका किसानले लगाएको मकैमा फौजीकिराको प्रकोप देखिएको जिल्ला विकास कार्यालय बागलुङका बाली संरक्षण अधिकृत सचिन गहतराजले बताए। किसानले दैनिक फोन गरेर फौजीकिरा देखिएको गुनासो गरेका उल्लेख गर्दै त्यसको नियन्त्रणका लागि कृषि विकास कार्यालयले विषादी उपलब्ध गराउँदै आएको उनले बताए।

## रविको भारत...

नेपाली भूमि लिपुलेक हुँदै चीन र भारतले व्यापार खुला गर्ने गरी ती देशबीच भएको सहमतिलाई लिएर नेपाल सरकारले भारत-चीन दुवै राष्ट्रलाई 'कूटनीतिक नोट' पठाएको खबर सञ्चार माध्यममार्फत सार्वजनिक भएको थियो ।

सीमा विवादका कारण भारतीय विदेशमन्त्री विक्रम मिस्रीको तय भइसकेको नेपाल भ्रमण समेत स्थगित भइसकेको स्थितिमा परराष्ट्रमन्त्री शिशिर खनालको भारत भ्रमण समेत स्थगित भएको थियो । ठीक यस्तो सन्दर्भमा हुन लागिरहेको सत्ताधारी दलका सभापतिको भ्रमणलाई सरकारका प्रवक्ता सस्मित पोखरेलले 'पार्टी सभापति आफ्नै हिसाबले जान लागेकाले प्रधानमन्त्रीसँग जोडेर हेर्न नमिल्ने' बताएका छन् । मन्त्रिपरिषदका निर्णय सार्वजनिक गर्ने क्रममा सोमबार प्रवक्ता पोखरेलले 'सभापति रवि लामिछाने आफ्नो हिसाबले भ्रमणमा जान लागेको हुनाले त्यसलाई सरकारको औपचारिक भ्रमणसँग जोड्नु गलत हुने' बताएका हुन् । 'सभापतिज्यू आफ्नो ढंगले जान लाग्नुभएको हो, यसलाई प्रधानमन्त्रीज्यूको भ्रमणसँग जोडेर हेर्न त पाइयो, तर त्यसको कुनै सम्बन्ध छैन'- उनले भने ।

लामिछानेले मंगलबार बिहान मात्रै कूटनीतिक क्षेत्रका जानकारहरूसँग छलफल गरेको बुझिएको छ । सरकारको नेतृत्व गरिरहेको दलका सभापतिले स्पष्ट एजेन्डाविना भ्रमणमा जाँदा देश र पार्टीलाई नै अप्ठ्यारोमा पार्न सक्नेतर्फ विज्ञहरूले सचेत गराएको स्रोतको दावी छ । 'पार्टी सभापति मात्र होइन, सांसद मात्र नै पनि विदेश भ्रमणमा जाँदा समेत परराष्ट्र मन्त्रालयलाई जानकारी हुनुपर्छ । पार्टीको नियमावलीमा त सभापति वा अन्य पदाधिकारी विदेश भ्रमण जाने भए केन्द्रीय समितिले निर्णय गर्नुपर्ने लेखिएको छ,' रास्वपा स्रोत भन्छ- 'औपचारिक भ्रमण हो भने औपचारिक, अनौपचारिक हो भने अनौपचारिक रूपमा पार्टीलाई जानकारी गराउनुपर्ने व्यवस्था छ । भ्रमणको विषयलाई लिएर रविजीले बिहान कूटनीतिक क्षेत्रका व्यक्तित्वसँग छलफल गर्नुभयो तर पार्टीमा भने कुनै छलफलै भएको छैन ।'

भारतसँग कालापानी क्षेत्र, सुस्ता, पञ्चेश्वर आयोजना, लुम्बिनी विमानस्थललगायतका विषयमा गम्भीर विवाद रहेका बेला विनातयारी भ्रमणमा जानु नहुने आवाज पार्टीभित्रै उठेको स्रोतको भनाइ छ । 'छिमेकी मुलुक भारतसँग सीमा सम्बन्धी गम्भीर विवाद छ, सत्तारुढ दलका सभापति विनातयारी भ्रमणमा निस्कँदा पार्टी र देशका लागि ठूलो समस्या हुन सक्छ,' स्रोतले भन्यो- 'अहिलेको अवस्थामा भ्रमणमा जाँदा पनि समस्या देखिन्छ र नजाँदा पनि समस्या देखिने भयो । भारत जाँदा को-को जाने ? के-के एजेन्डा लिएर जाने ? भ्रमणको क्रममा कुनै गम्भीर प्रस्ताव ल्याएमा के गर्ने ? यस्ता विषयमा तयारी नगरी जानु हुँदैन ।'

## पूर्वमहान्याधिवक्ताहरूसँग...

विगतमा आफू नै सत्तापक्षबाट 'पेलिएको' भन्ने दल अहिले सत्तामा पुग्ने बित्तिकै उसैले विपक्षी दलहरूलाई पेलेर अघि बढ्नु अशोभनीय भएको उनको टिप्पणी छ । विधेयकमाथिको छलफलमा सहभागी सांसदहरूले प्रतिपक्षीलाई 'ज्ञान बाँड्ने' काम गरेर समयको दुरूपयोग गरिरहेकामा असमति जनाउँदै उनले संसदको ध्यानाकर्षण गराएकी हुन् ।

'अहिलेको सत्तापक्ष र विगतमा प्रतिपक्षी हुँदा सम्भवतः सबैभन्दा बढी पेलियो होला । पेलिएर आएकाहरूले अहिले विपक्षीलाई पेलेको पटक्कै

# 'बालेनतन्त्र स्थापना गर्न खोजेको हो ?' संसद छल्ने काम भइरहेको छ : एमाले

**काठमाडौं ।** प्रतिनिधिसभा बैठकमा विपक्षी दलका सांसदहरूले प्रधानमन्त्री बालेन्द्र शाहको उपस्थितिको माग गरेका छन् । प्रतिनिधिसभालाई सम्बोधन गर्ने विपक्षी दलका सांसदहरूले प्रधानमन्त्री शाह संसदप्रति जवाफदेही नभएको भन्दै आपत्ति जनाएका हुन् ।

प्रतिनिधिसभा बैठकलाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले संसदमा नआएका प्रधानमन्त्री बालेन्द्र शाहतर्फ औंल्याउँदै आफैंलाई प्रधानमन्त्री बनाएको संसददेखि 'किन तर्सिरहनु भएको छ ?' भन्दै प्रश्न उठाएको छ । प्रतिनिधिसभा बैठकमा मंगलबार एमालेका प्रमुख सचेतक एनेबहादुर महरले प्रधानमन्त्री संसदबाट टाढा रहन खोजेको आरोप लगाउँदै उक्त प्रश्न गरेका हुन् । मंगलबार बसेको प्रतिनिधिसभा बैठकमा बोल्दै नेपाल कम्युनिस्ट पार्टी (एमाले)का प्रमुख सचेतक ऐन महरले वर्तमान सरकारले लोकतन्त्रको चिरहरण गरेको आरोप लगाए । 'के सरकारले लोकतन्त्रको चिरहरण गरेर बालेनतन्त्र स्थापना गर्न खोजेको हो' भन्दै महरले प्रधानमन्त्री शाहलाई संसदमा उपस्थित हुन सभामुखले रुलिङ गर्नुपर्नेमा जोड दिए ।

'यति धेरै जनमत पाएको सरकार र त्यसको प्रमुख संसदसँग किन त्रसित छ ? संसदलाई छल्ने प्रयास किन भइरहेको छ ?' उनको प्रश्न थियो । प्रधानमन्त्री संसदप्रति गैरजिम्मेवार बनेको आरोप लगाउँदै सरकार संविधान र संसदीय अभ्यासविपरीत अघि बढिरहेको समेत उनले बताए । सरकारले संविधानको धारा ७६ (१०) र धारा ८१ को भावना उल्लंघन गरिरहेको उनको धारणा थियो । 'यति धेरै अपार जनमत पाएको सरकार र त्यसको प्रमुख यो संसदसँग किन तर्सिरहनुभएको छ ?' प्रमुख सचेतक महरको प्रश्न थियो 'संसदसँग किन टाढा भइरहनुभएको छ र यसलाई छल्न खोजिरहनुभएको छ ? आज आम जनता र संसदमा प्रतिनिधित्व गर्ने सबैको यो आम प्रश्न हो ।'

प्रधानमन्त्री शाहले संसदमा आएर कुनै पनि कुराको जवाफ नदिएको चर्चा गर्दै उनले भने 'यसप्रति उहाँको रेस्पोन्स छैन, रेस्पेक्ट छैन, प्राक्टिसहरू जुन छ, त्यसको खण्डन गरिएको छ । अहिले कार्यपालिका र राष्ट्रपतिको बीचमा दूरी पैदा गर्ने काम भइरहेको छ । यो पनि संविधानको गम्भीर उल्लंघन हो ।' प्रमुख सचेतक महरले प्रधानमन्त्रीले संसद निवयावलीमा भएका धेरै कुराहरूलाई अनदेखा गरिरहेको समेत बताए । 'के प्रधानमन्त्री बालेन्द्र शाहलाई खोपीको देउता बनाएर घण्टी बजाएर पूजा गर्न लागेको हो ?' महरको प्रश्न थियो 'लोकतन्त्रको चिरहरण गरेर बालेनतन्त्र स्थापना गर्न खोजेको हो ? संविधानको चिरहरण गरेर बालेनतन्त्र स्थापना गर्न खोजिएको हो ?'

यस्तै, नेपाली कांग्रेसकी प्रमुख सचेतक बासना थापाले संसदमा उठेका महत्वपूर्ण विषयमा जवाफ दिन प्रधानमन्त्री शाह संसदमा उपस्थित नहुनु लोकतन्त्रको खिल्ली भएकाृ बताइन् । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसद युवराज दुलालले प्रधानमन्त्री संविधानभन्दा माथि नभएको भन्दै उनी संसदमा उपस्थित हुनुपर्नेमा जोड दिँदै प्रश्न गरे 'के प्रधानमन्त्री संविधानभन्दा माथि हो ? होइन उहाँ यही संसदबाट जन्मिएको हो भने प्रधानमन्त्री संसदमा आउनैपर्छ ।' सांसद दुलालले प्रधानमन्त्रीले रोष्टममा उभिएर जनताको प्रश्नको जवाफ दिनुपर्नेमा जोड दिए ।

सोही बैठकमा राष्ट्रिय प्रजातन्त्र पार्टी र श्रम संस्कृति पार्टीका सांसदहरूले समेत प्रधानमन्त्रीको उपस्थितिको माग गर्दै सभामुखलाई ध्यानाकर्षण गराएका थिए ।


जातीय भेदभाव अन्त्य गरौं,
समानता र सम्मान बढाऔं !

- जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लङ्घन हो- यसको अन्त्य गरौं,
- सवै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
- विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
- दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तीकरणमा योगदान दिऔं,
- शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
- हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
- एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं ।

समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार !

नेपाल सरकार
विज्ञापन बोर्ड


## प्रधानमन्त्री–कूटनीतिज्ञ संयुक्त भेट हुँदै

**काठमाडौं ।** प्रधानमन्त्री बालेन्द्र शाहले आफू गत चैतमा प्रधानमन्त्री बनेपछि दोस्रो पटक युरोपेली संघ (इयू) अन्तर्गतका २२ देशसहित दक्षिण-पूर्वी एसियाली मुलुकका गरी ३० भन्दा बढी कूटनीतिज्ञसँग संयुक्त शिष्टाचार भेटवार्ता गर्न लागेका जनाइएको छ ।

प्रधानमन्त्री बनेपछि चैत २५ मा नेपालमा रहेका १७ देशका राजदूतहरूसँग सामूहिक भेटवार्ता गरेका उनले यसअघि नेपाल आएका अमेरिकी कूटनीतिज्ञ र बेलायती मन्त्रीसँग भेट नगरेको चर्चा समेत सञ्चारमाध्यमहरूमा छाएका थिए ।

काठमाडौंमा रहेका तथा नयाँदिल्लीबाट आएका युरोपेली संघका २२ तथा थप कूटनीतिज्ञलाई मंगलबार ११ बजे परराष्ट्र मन्त्रालयले सिंहदरबारमा बोलाएको छ । परराष्ट्र स्रोतका अनुसार यसअघि झैं प्रधानमन्त्री शाहले परराष्ट्रका कर्मचारीद्वारा तयार पारिदिएको छोटो लिखित भाषण पढेपछि त्यसमा इयूसम्बद्ध तथा अन्य राजदूतहरूले आफ्ना धारणा राख्ने गरी बैठक तय गरिएको छ ।

प्रधानमन्त्री बालेनले नेपालको वर्तमान प्राथमिकताबारे जानकारी गराउने उनका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले जानकारी दिइन् । उनले द्विपक्षीय सम्बन्धलाई थप सुदृढ तुल्याउने र सहकार्यका विविध विषयमा छलफल केन्द्रित हुने पनि बताइन् । कूटनीतिक अधिकारीहरूका अनुसार भेटमा नेपालका दुई प्रमुख कूटनीतिक चासो सम्बद्ध राजदूतहरूलाई ध्यानाकर्षण गराइनेछ । जसमा नेपाललाई अतिकम विकसित देशको समूहमा यथावत राख्न अन्तर्राष्ट्रिय समर्थन जुटाउने तथा युरोपेली संघको हवाई सुरक्षा 'कालोसूची'बाट नेपाललाई हटाउन पहल गर्ने विषय छन् ।

दिल्लीबाट सोमबार काठमाडौं आएका र यहाँ रहेका समेत गरी २२ युरोपेली कूटनीतिज्ञले सोमबार परराष्ट्रमन्त्री शिशिर खनाल, शिक्षामन्त्री सस्मित पोखरेल र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्क पौडेलसँग भेटवार्ता गरेका थिए । राजदूतहरूले निजी क्षेत्रका नेता, नागरिक समाजका प्रतिनिधि र युवा नेतालाई पनि भेटेका छन् ।युरोपेली संघको नेपालस्थित कार्यालयद्वारा जारी विज्ञप्तिमा २२ कूटनीतिज्ञको सामूहिक भेटवार्ताले नेपालको नयाँ सरकारसँग भेटेर युरोपेली संघ र नेपालबिचको बलियो सम्बन्धलाई पुनः पुष्टि गरेको उल्लेख छ । प्रतिनिधिमण्डलमा अस्ट्रिया, बेल्जियम, बुल्गेरिया, साइप्रस, चेक गणतन्त्र, डेनमार्क, एस्टोनिया, फिनल्यान्ड, फ्रान्स, जर्मनी, ग्रिस, इटाली, लिथुआनिया, लक्जमबर्ग, नेदरल्यान्ड्स, पोल्यान्ड, पोर्चुगल, रोमानिया, स्लोभाकिया, स्लोभेनिया, स्पेन र स्विडेनका राजदूत तथा नियोग उपप्रमुख सहभागी छन् ।

परराष्ट्रमन्त्री खनालले नेपालसँगको युरोपेली संघसँगको सम्बन्धलाई नेपालले उच्च महत्व दिएको उल्लेख गर्दै नेपालसँग निरन्तर विकास साझेदारीका लागि सराहना व्यक्त गरेका छन् । परराष्ट्र मन्त्रालयका अनुसार उनले व्यापार, जलवायु कार्य, शिक्षा र जनता-जनताबिचको सम्बन्धजस्ता क्षेत्रहरूमा नेपाल र ईयूबीच सहयोग थप सुदृढ गर्नुपर्ने बताए ।

उनले सरकारका प्रमुख प्राथमिकताका रूपमा तीव्र आर्थिक वृद्धिका, कुशल सेवा प्रवाह र भ्रष्टाचारविरुद्ध स्पष्ट दृष्टिकोण अघि सारिएको दावी गरे ।नेपालमा लगानी सहज बनाउने, निर्यात प्रतिस्पर्धात्मकता बढाउने र नवप्रवर्तनलाई प्रवर्द्धन गर्ने उद्देश्यले भइरहेका आर्थिक सुधारहरूका प्रयासबारे जानकारी दिँदै उनले जलविद्युत्, पर्यटन, पूर्वाधार विकास र सूचना प्रविधिजस्ता क्षेत्रमा लगानीका लागि आह्वान गर ।

यस्तै नेपालको हवाई क्षेत्रमा भएका उल्लेख्य सुधारलाई ध्यानमा राख्दै युरोपेली संघका सदस्य राष्ट्रहरूलाई नेपाललाई हवाई सुरक्षाको कालो सूचीबाट हटाउने प्रक्रियामा सहयोग गर्न परराष्ट्रमन्त्रीले अनुरोध गरेको परराष्ट्रले जनाएको छ ।

प्रतिनिधिमण्डलको तर्फबाट नेपालका लागि युरोपेली संघकी राजदूत भेरोनिक लोरेन्जोले सम्बोधन गर्दै भनिन् 'हामी नयाँ सरकारलाई बधाई दिन, नेपालका विकास प्राथमिकतामा हाम्रो समर्थन पुनः पुष्टि गर्न र व्यापार-लगानीदेखि जलवायु कार्य र बहुपक्षीय मुद्धाहरूसम्मका सहयोगका नयाँ मार्ग खोज्न आएका हौं' उनले थपिन् 'सँगै, 'टिम युरोप'का रूपमा, हामी अझ बढी समृद्ध, दिगो र समावेशी भविष्य निर्माण गर्न नेपालसँग मिलेर काम गर्न तयार छौं ।'

## हिरासतभित्रै थुनुवाको मृत्यु : दस प्रहरी कारबाहीमा

**काठमाडौं ।** सिन्धुलीको इलाका प्रहरी कार्यालय खुर्कोटको हिरासत कक्षमा थुनुवाको मृत्यु भएको घटनामा प्रहरी उपरीक्षकदेखि प्रहरी जवानसम्म १० जनालाई कारबाहीको सिफारिस भएको छ ।

सिन्धुलीको सुनकोशी गाउँपालिका-३ जुम्लीडाँडा बस्ने २३ वर्षीय श्रीकृष्ण विकको हिरासत कक्षमा मृत्यु भएको घटनाको छानबिन गर्न गठित प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्य नेतृत्वको छानबिन समितिले उनीलाई कारबाही सिफारिस गरेको हो ।

समितिले एक जनालाई सचेत, दुई जनालाई ध्यानाकर्षण, पाँच जनालाई चेतावनीसहित जिम्मेवारीबाट अलग, एक जनालाई नसिहत र एक जनालाई ग्रेड घटुवा गर्न सिफरिस गरेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

समितिले हिरासतमा रहेका व्यक्तिको जीवन सुरक्षालाई उच्च प्राथमिकतामा राखी कार्य गर्न, हिरासत व्यवस्थापन कार्य निर्देशन, २०८१ को पूर्ण कार्यान्वयन र कार्य सुनिश्चितता गर्ने डिउटीका समयमा अन्य काममा सङ्लग्न नहुने तथा नियमित निगरानी सुनिश्चित गर्ने सुझाव दिएको छ ।

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं